# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ८३ | काठमाडौं | मंगलबार, ३१ असार २०८२ | Prabhab National Daily | Monday, July 15, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


कांग्रेसमा अनुशासनको कारबाही

## डण्डा चलाउने संस्थापन फुटको संघारमा संस्थापनइतर



- अनुशासन समितिले कारबाही गरेका २३ जना अधिकांश संस्थापनइतरका पर्दा शेखर कोइराला समूहको प्रतिवाद
- तर शेखर समूहकै केन्द्रीय सदस्य दिनेश कोइरालाको कारबाहीचाहिँ किन वर्ष दिनअघि नै फुकुवा भएको भन्दै संस्थापनइतरकै गगन थापा समूहको प्रश्न
- सभापति शेरबहादुर देउवापक्षका नेता आनन्द ढुंगाना नेतृत्वको अनुशासन समितिले अन्तर्घातीलाई कारबाही गर्दा संस्थापनइतर फुटको संघारमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– २०७९ को निर्वाचनमा नेपाली कांग्रेसले नेकपा माओवादी केन्द्रसँग गठबन्धन गरेको थियो । तीन तहको निर्वाचनमा गठबन्धनको उम्मेदवारविरुद्ध बागी दिने र अन्तर्घात गरेका २३ नेतालाई कांग्रेस अनुशासन समितिले कारबाही गऱ्यो ।

आनन्द ढुंगाना संयोजक रहेको समितिले कारबाही गरेका नेताहरू अधिकांश संस्थापनइतरका छन् । असार २५ गते अनुशासन समितिको कारबाहीमा परेका नेताहरूमा लुम्बिनी प्रदेशका महामन्त्री विक्रम खनालदेखि खोटाङका सभापति विष्णुकुमार राईसम्म छन् ।

उक्त कारबाहीसँगै डा. शेखर कोइरालाले यसको विरोध गर्दै आफ्नो आफ्नो समूहको बैठक डाके, २६ असारमा । तर उक्त बैठकमा महामन्त्री गगन थापा समूहका नेताहरू उपस्थित भएनन् ।

### शेखर-गगन टाँढिदै

२०७८ मंसिरमा सम्पन्न कांग्रेसको १४औं महाधिवेशनमा एकै प्यानलबाट देउवा प्यानलविरुद्ध लडेका थिए शेखर र गगन । महामन्त्रीमा गगन निर्वाचित हुँदा शेखर भने देउवासँग पराजित बने । त्यसपछि संसदीय दलको नेताको निर्वाचनमा गगन अघि बढेसँगै यी दुई नेताबीच दरार पैदा भएको हो ।

अनुशासन समितिमा दुई हजार १०० भन्दा बढी अन्तर्घातको उजुरी आउँदा २३ जनालाई मात्र कारबाही गरेकोमा शेखर समूहले विरोध जनायो । तर गगन समूहले त्यसबारे केही पनि बोलेन । बरु कारबाही गरेकै दिन गगन बैंकक उडेका थिए ।

नेताहरू मधु आचार्य, अजयबाबु सिवाकोटी, प्रतिमा गौतम, प्रकाश स्नेही रसाइली पनि शेखरले डाकेको बैठकमा पुगेनन् । सिवाकोटी र रसाइली गगननिकट नेता हुन् भने अरु शेखरनिकट नेता हुन् । रसाइली हाल गगन संयोजक रहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्यसमेत हुन् ।

उक्त बैठकमा उपस्थित नभएका चार नेताले बेग्लै विज्ञप्ति जारी गर्दै शेखरपक्षका नेतालाई कारबाही फुकुवा गरेको प्रसंग निकाल्दै प्रश्न गरे ।

क्रमशः पृष्ठ २ मा

ओली सरकारको एक वर्ष

## सुशासनमा कमजोर, एजेण्डा अलपत्र

- 'घुस डिल'देखि मानव तस्करीसम्मा मन्त्री नै जोडिँदै सुशासनको नारा निस्प्रभावी
- आरोपित मन्त्रीलाई नहटाएर संरक्षकजस्तै बने प्रधानमन्त्री
- संविधान संशोधनको एजेण्डै हरायो



■ **जेबी योञ्जन**

**काठमाडौं**– कांग्रेस-एमालेबीच भएको सातबुँदे सहमतिको आधारमा केपी शर्मा ओली शक्तिशाली प्रधानमन्त्री भएको वर्ष दिन बित्दा सुशासनमा 'कमजोर' देखिएको छ । यसबीचमा सरकारका कर्मचारीमात्रै होइनन्, मन्त्रीहरू नै भ्रष्टाचारदेखि मानव तस्करीका काण्डमा मुछिएका छन् ।

सरकार निर्माण गर्दा भएको सातबुँदे सहमतिको एउटा बुँदामा 'सुशासन कायम गर्ने' कांग्रेस-एमालेको सहमति थियो । उक्त सहमति १७ असार २०८१ को मध्यरातमा एक व्यवसायीको घरमा भएको थियो । तर, सहमति कागजको खोस्टो भएको छ । यसलाई पुष्टि गर्नेगरी पछिल्लोपटक संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले ७८ लाख रूपैयाँ घुस लिएको अडियो सार्वजनिक भएको छ । उनी प्रधानमन्त्रीकै दल नेकपा एमालेबाट मन्त्री भएका हुन् ।

सोही घुस प्रकरणमा एमालेबाटै मन्त्री बनेका भूमि, व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारी पनि मुछिएका छन् । यसअघि भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखक मुछिएका थिए । उनलाई मानव तस्करीमा संलग्न भएको आरोप लागेको छ । भिजिट भिसाको नाममा दैनिक ५० लाख रूपैयाँसम्म उठाउन लगाएको आरोप उनीमाथि छ । अझै पनि यो प्रकरणबाट उनले सफाइ पाएका छैनन् ।

सरकारका अन्य मन्त्रीहरू पनि आर्थिक मामिलामा विवादित भए । अधिकृत (सिइओ) नियुक्तिमा पौडेलको भूमिका सन्देहपूर्ण देखिएको थियो ।

ओली मन्त्रिपरिषद्मा सबैभन्दा बढी विवादित बन्न पुगेका मन्त्री हुन् ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का । जगदुल्ला जलविद्युत् आयोजनाको १६ अर्ब रूपैयाँको ठेक्कामा मिलेमतो गरी आयोजना दिनेगरी अघि बढाइएको विषयमा संसद्को सार्वजनिक लेखा समितिमा ललिन्द्र राईले १२ पुसमा उजुरी दिएर छानबिन माग गरेका थिए । मन्त्री खड्काका यी कार्य कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिको एउटा बुँदा सुशासन कायम गर्ने समझदारीविपरीतको कार्य हो ।

ओली सरकार गठनको एक वर्षमा प्रमुख कोटचाउँदै दाहालले भने, 'चित्रगुप्तलाई बयान दिन तयार छु, यो अभिव्यक्ति पक्कै पनि प्रधानमन्त्रीजीले सम्झिरहनु भएको होला । तर, अहिले त जहाँ सरकार, त्यहाँ भ्रष्टाचार । अब चित्रगुप्तलाई प्रधानमन्त्रीजीले के बयान दिने होला ?'

क्रमशः पृष्ठ ३ मा



चित्रगुप्तलाई बयान दिन तयार छु, यो अभिव्यक्ति पक्कै पनि प्रधानमन्त्रीजीले सम्झिरहनु भएको होला । तर, अहिले त जहाँ सरकार, त्यहाँ भ्रष्टाचार । अब चित्रगुप्तलाई प्रधानमन्त्रीजीले के बयान दिने होला ?

■ **पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र



अघिल्लो (दाहाल) सरकार कुशासनमा थियो । जताजतै भ्रष्टाचार थियो । यो सरकार गठनपछि भ्रष्टाचारीहरु जेल गए, मुद्दा चल्यो ।

■ **राजेन्द्र गौतम**
प्रचार विभाग प्रमुख, एमाले



कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिमा मुख्यतः तीन 'स' थियो । पहिलो- संविधान संशोधन, दोस्रो- सुशासन र तेस्रो- संविधानमाथिको स्वामित्व । तर, एक वर्षमा हेर्दा यी तीनवटै कार्य गर्न शक्तिशाली सरकार चुक्यो ।

■ **चन्द्रकिशोर**
राजनीतिक विश्लेषक

सन्दर्भः वैदेशिक रोजगार

## क्रोएसियामा कार्यरत आप्रवासी श्रमिकमा सबैभन्दा धेरै नेपाली नागरिक



- कूल ९९ हजार ११८ आप्रवासी श्रमिकमध्ये १९ हजार २०७ जना नेपाली
- अधिकांश व्यक्तिगत श्रम स्वीकृति लिएर क्रोएसिया गएको तथ्यांक
- क्रोएसियामा रोजगारीका लागि जाने संख्या बर्सेनि बढ्दै

■ **ममता थापा**

**काठमाडौं**– क्रोएसियामा आप्रवासी श्रमिकको रूपमा सबैभन्दा धेरै नेपाली नागरिक कार्यरत रहेको पाइएको छ । त्यहाँको आन्तरिक मन्त्रालय (एमयुपी)को नयाँ तथ्यांकमा विभिन्न मुलुकका आप्रवासी श्रमिकहरूमध्ये सबैभन्दा बढी नेपाली नागरिक रहेका पाइएको हो ।

क्रोएसियामा हाल विदेशी कामदारको संख्या ९९ हजार ११८ रहेको जनाइएको छ । जसमध्ये सबैभन्दा धेरै १९ हजार २०७ जना नेपाली नागरिक छन् । दोस्रोमा बोस्निया र हर्जगोभिनाबाट १८ हजार ११७ र तेस्रोमा सर्बियाबाट १५ हजार २१४ जना श्रमिक त्यहाँ कार्यरत रहेका तथ्यांकमा उल्लेख छ । यी दुवै मुलुक क्रोएसियाका छिमेकी राष्ट्र हुन् । चौथोमा फिलिपिन्सका नौ हजार २८६ र पाँचौंमा भारतीय नागरिक नौ हजार ६० जना कार्यरत रहेको तथ्यांकमा देखिन्छ ।

त्यहाँ रहेका अधिकांश आप्रवासी श्रमिक पर्यटन र आतिथ्य क्षेत्रमा कार्यरत रहेको उल्लेख गरिएको छ । यस क्षेत्रमा ३५ हजार ५५८ विदेशी कामदारहरू छन् । पर्यटनपछि दोस्रो ठूलो रोजगारी त्यहाँको निर्माण क्षेत्रले सिर्जना गरेको छ । जहाँ २८ हजार ३५२ जना विदेशी श्रमिक कार्यरत छन् । त्यस्तै १२ हजार ४१६ जना श्रमिक विभिन्न औद्योगिक भूमिकाहरूमा काम गरिरहेका छन् । अन्य प्रमुख क्षेत्रहरूमध्ये जम्मा सात हजार ९० जना श्रमिक यातायात र सञ्चार र खुद्रा व्यवसायमा काम गर्छन् । जसमध्ये पाँच हजार ४५ जना विदेशी श्रमिक छन् ।

क्रोएसियामा सन् २०२५ को जनवरीदेखि जुनसम्मको छ महिनामा पहिलोपटक रोजगारीका लागि कूल ५५ हजार २० जनालाई कार्य अनुमतिपत्र जारी गरिएको थियो । यसका साथै थप ३१ हजार ५५७ अनुमतिपत्रहरू नवीकरण गरिएको र १२ हजार ५४१ अनुमतिपत्र मौसमी कामदारलाई प्रदान गरिएको मन्त्रालयले जनाएको छ । जसमध्ये अधिकांश श्रमिक पर्यटन र आतिथ्यता क्षेत्रमा छन् ।

क्रमशः पृष्ठ २ मा

## श्रममन्त्री र युएईका राजदूतबीच भेटवार्ता

नेपाली श्रमिकका लागि न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्न आग्रह



**काठमाडौं (प्रस)**– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र नेपालका लागि संयुक्त अरब इमिरेट्स (युएई) का राजदूत अब्दुल्ला सइद मुबारक जरवान अलशाम्सीबीच भेटवार्ता भएको छ ।

सोमबार भएको उक्त भेटवार्तामा उनीहरूबीच युएईमा कार्यरत नेपाली कामदारका लागि न्यूनतम एक हजार दिराम तलब अनिवार्य रूपमा लागू गर्ने विषयमा छलफल भएको मन्त्री भण्डारीको निजी सचिवालयले जानकारी दिएको हो । मन्त्री भण्डारीले विगत लामो समयदेखि नेपाली श्रमिकहरू अत्यन्तै न्यून पारिश्रमिकमा काम गर्न बाध्य भएको स्मरण गराउँदै अब न्यूनतम एक हजार दिराम तलब र थप ४०० दिरामबराबरको आवास तथा खानाको सुविधा अनिवार्य रूपमा कार्यान्वयन गरिनुपर्नेमा जोड दिए ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### डण्डा...

निर्वाचनमा गठबन्धनविरुद्ध चितवन-३ मा बागी उम्मेदवार बनेका दिनेश कोइरालाको कारबाही २०८१ साउनमै फुकुवा गरियो । माओवादी केन्द्रलाई कांग्रेसले समर्थन गरेकोमा कोइरालाको बागी परेपछि त्यहाँ राप्रपाका विक्रम पाण्डे निर्वाचित भएका थिए । दिनेश शेखरपक्षका नेता हुन् ।

यसखाले घटनाले संरक्षण गर्न सक्ने नेतालाईमात्र जोगाउने प्रवृत्ति पार्टीमा देखिएको केन्द्रीय सदस्यहरू आचार्य, गौतम, रसाइली, सिवाकोटी दाबी रहृयो । 'समान प्रकृतिको घटनामा केन्द्रीय सदस्य दिनेश कोइराला (चितवन) लाई पुरानै हैसियतमा पदवहाली गरी थप जिम्मेवारी दिनुलाई कसरी न्यायसंगत मान्न सकिन्छ ? संरक्षण गर्ने नेता भएमा पुरस्कृत भइने, बोलिदिने कोही नभए दण्डित हुनुपर्ने हो ?,' उनीहरूले प्रश्न गरे ।

#### शेखर समूहको प्रतिवाद जारी, गगनले बल्ल मुख खोले

अनुशासन समितिको निर्णय प्रतिशोधपूर्ण भएको भन्दै शेखरपक्षका नेताहरूले प्रतिवाद जारी राखेका छन् । सोमबार काठमाडौं आइपुगेका पर्सा क्षेत्र १ का क्षेत्रीय सभापति अरबिन्द गुप्ताले आफूलाई शेखर समूह भनेर छानेरै कारबाही गरेको गुनासो गरे । 'हामीलाई छानीछानी कारबाही गरे । पर्सामा कांग्रेस जित्ने ठाउँमा लोसपाका नेता अघि सारे,' गुप्ताले भने, 'पर्सा क्षेत्र ४ को लोसपा नेता क्षेत्र १ मा पठाएपछि एमाले जसपा गठबन्धनका उम्मेदवार जिते । कांग्रेस गठबन्धन हार्दा मलाईमात्र कारबाही गरियो ।' कारबाही फिर्ता नगरिए आउँदो महाधिवेशनबाट पर्सा शेखरको कब्जामा जाने उनले दाबी गरे ।

एकातिर कम्युनिस्टहरू एक हुन लागेको र अर्कोतिर पुराना शक्तिहरू एक हुँदै गर्दा कांग्रेसमा भने आन्तरिक कलह बढाउनु ठीक नभएको कांग्रेस नेता गुरुराज घिमिरे बताउँछन् । 'यस्तो बेला आन्तरिक एकता बढाउनुपर्नेमा कारबाही अगाडि बढाइएको छ । यो अनुचित हो,' घिमिरेले भने ।

कारबाहीको पाँच दिनपछि सोमबार महामन्त्री थापाले यसबारे मुख खोलेका छन् । कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठान पुगेर उनले अनुशासन समितिले गरेको कारबाही कोतपर्वजस्तै भएको आरोप लगाए । 'नमिठो घटना पार्टीभित्र भयो । किनकि अहिले चौतर्फी घेराबन्दीमा छौं,' महामन्त्री थापाले भने, 'यो बेला कोतपर्वजस्तो अनुशासन पर्व चल्यो । न यो समयको हिसाबले ठीक छ, न परम्पराको हिसाबले । यो पार्टीको विधानका आधारमा पनि ठीक छैन ।' आफूले यसबारे पार्टी सभापति देउवासँग समन्वय गर्नेसमेत बताए ।

#### महामन्त्रीलाई टेर्नै छाडियो

महामन्त्री थापा क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक छन् । महाधिवेशन विधानअनुसार हुनुपर्ने भनिए क्रियाशील सदस्यता नवीकरण पाँच जिल्लाकोभन्दा हुन सकेको छैन । चारपटक म्याद थप्दा पनि थापा नेतृत्वको समितिले दिएको निर्देशन नटेरेको उनीपक्षका नेताहरू बताउँछन् । शेखरको साथ नहुँदा गगनको निर्देशन नमानेको उनीहरूको तर्क छ ।

'आजै महाधिवेशन गर्ने । भोलि नै जित्ने अनि पर्सी चुनावमा जाने र निपर्सी प्रधानमन्त्री हुन्छु भन्ने खालका उम्मेदवारले खै क्रियाशील सदस्यता नवीकरणका लागि बोलेका ?,' गगननिकट एक केन्द्रीय सदस्यले भने ।

क्रियाशील सदस्यता नवीकरणमा गगनको समितिलाई अटेर जारी राखेपछि असोज मसान्तसम्म म्याद थप गरेको छ । यो म्याद अझै थपिँदै जाने शेखरपक्षका नेता घिमिरे बताउँछन् । ११ महिनापछि गत जेठ १६ गते शेखर-गगन भेट्दा शेखर समूहले गगनको साथ पाएको प्रचार गरेको थियो । यता गगनको सचिवालयले भने यो कुनै समूहगत भेट नभएको भन्दै खण्डन गरेको थियो ।

सोमबार काठमाडौंको बत्तीसपुतलीमा शेखरपक्षको भेलामा गगनपक्षका नेताहरू पुगेनन् भने कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा पेसागत तथा बुद्धिजीवी विभागले आयोजना गरेको कार्यक्रममा शेखरपक्षका नेताहरू उपस्थित भएनन् । शेखर र गगन दुई सभापतिको तयारीका लागि जुट्दा दुईको सम्बन्ध झन् चिसिँदै गएको दुवैपक्षका नेताहरू बताउँछन् । शेखर र गगन मिलाउन आफूहरूले सक्दो प्रयास गर्ने नेता डा. सुनिल शर्मा बताउँछन् ।

■■■

### क्रोएसियामा ...

पर्यटन क्षेत्र विस्तार हुँदै गइरहेको र निर्माण उद्योग फस्टाउँदै गएकाले सन् २०२५ मा क्रोएसियाको आर्थिक अवस्थामा आप्रवासी श्रमिकले महत्त्वपूर्ण स्थान रहने जनाइएको छ ।

#### क्रोएसिया जाने नेपाली बर्सेनि बढ्दै

क्रोएसिया पछिल्लो समय नेपालीहरूको आकर्षक रोजगार गन्तव्य बन्दै गएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा नेपालबाट रोजगारीका लागि सबैभन्दा बढी श्रमिक लैजाने युरोपेली मुलुक बनेको थियो, क्रोएसिया । उक्त आवमा १५ हजार ३६५ जना रोजगारीका लागि क्रोएसिया गएका वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

आव २०७६/७७ यता क्रोएसिया जानेको संख्या बर्सेनि बढेको पाइन्छ । त्यस वर्ष ६४६ जना व्यक्तिगत श्रम स्वीकृति लिएर क्रोएसिया गएका थिए । त्यसपछि आव २०७७/७८ मा एक हजार ९४, २०७८/७९ मा पाँच हजार ३४४ र २०७९/८० मा सात हजार ४११ जना उक्त मुलुक गएको तथ्यांक छ । त्यसअघिका वर्षमा वैधानिक माध्यमबाट १० जनाभन्दा कम श्रमिक रोजगारीका लागि क्रोएसिया गएको पाइन्छ । त्यसताका खाडी मुलुक र मलेसिया नै प्रमुख रोजगार गन्तव्य थिए ।

म्यानपावरबाट भने आव २०७८/७९ बाट उक्त मुलुक पठाउन थालिएको थियो । उक्त आवमा एक हजार ४३७ जना पहिलोपटक संस्थागत माध्यमबाट क्रोएसिया गएका थिए । अहिले पनि त्यहाँ जाने अधिकांश श्रमिक व्यक्तिगत श्रम स्वीकृतिमै जाने गरेका छन् । दक्षिण एसियाली मुलुकहरूबाट जानेका लागि खाडी मुलुकको तुलनामा आकर्षक तलब, विदेशी कामदारको बढ्दो माग, वैधानिक श्रम सम्झौता, कानुनी प्रक्रिया पूरा गरेपछि अन्य युरोपेली मुलुकमा प्रवेश गर्न सहज हुनेजस्ता कारणले क्रोएसिया जानेहरूको संख्या बर्सेनि बढ्दै गएको जानकारहरू बताउँछन् ।

■■■

### श्रममन्त्री...

नेपाली श्रमिकका लागि जम्मा एक हजार ४०० दिरामबराबरको सेवासुविधा सुनिश्चित गर्न युएई सरकारलाई मन्त्री भण्डारीले आग्रह गरे ।

सो अवसरमा राजदूत अलशाम्सीले नेपाल सरकारद्वारा तय गरिएको न्यूनतम तलबको व्यवस्थालाई युएई सरकारले सकारात्मकरूपमा लिएको बताए । यसको कार्यान्वयनमा आफूहरूको पूर्णसमर्थन रहने प्रतिबद्धतासमेत व्यक्त गरे ।

'नेपाल सरकारद्वारा तय गरिएको नीति युएईले पूर्णरूपमा कार्यान्वयन गर्न तयार छ,' उनले भने ।

भेटका क्रममा राजदूत अलशाम्सीले महिला घरेलु कामदारका लागि नेपाल सरकारले अघि सारेको पाइलट परियोजनाबारेसमेत चासो व्यक्त गरेका थिए ।

मन्त्री भण्डारीले पाइलट परियोजनाका लागि सबै आन्तरिक तयारी सम्पन्न भइसकेको जानकारी दिए । उनले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको निर्णय आएलगत्तै घरेलु कामदार पठाउने प्रक्रिया सुरु हुने विश्वास व्यक्त गरे ।

नेपाल सरकारले श्रमसम्बन्धी सम्पूर्ण सेवा-सुविधालाई 'डिजिटलाइजेसन'तर्फ अगाडि बढाइरहेको जानकारी गराउँदै उनले त्यसमा युएई सरकारसँग सहकार्यको अपेक्षा गरिएको बताए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/११/०८ मा दर्ता भएको **प्रा. लि. नं. ३०७५३९** को **कोसेली ह्यान्डिक्राफ्ट एण्ड थाङ्का पेन्टीङ प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बिमालेख हरायो**

मिति २०८२/०२/०१३ गतेका दिन बुद्धनगरदेखि मैतीदेवीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **एशियन लाइफ इन्स्योरेन्स क. लि.**बाट जारी भएको **बिमालेख** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**नाम : श्याम सुन्दर प्रसाद**
**बिमालेख नं.: 51110024031**
**ठेगाना : बुद्धनगर, काठमाडौं**
**सम्पर्क नं : ९८१८०५८२८८**

**बिमालेख हरायो**

मिति २०८२/०२/०४ गतेका दिन मीनभवन नयाँबानेश्वरदेखि चक्रपथसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**बाट जारी भएको **बिमालेख** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**नाम : सनी कुमार यादव**
**बिमालेख नं.: 110039797**
**ठेगाना : बेलदारी-४, बारा**
**सम्पर्क नं : ९८१८०५८२८८**

**हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको**
**विशेष साधारण सभा बस्ने सूचना**

यस हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको मिति २०८२/०३/१९ (तदनुसार ३ जुलाई २०२५) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
मितिः २०८२ श्रावण ६ (तदनुसार २२ जुलाई २०२५) मंगलबार ।
समयः दिउँसो १२:३० बजे ।
स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाण्डौं ।

**विशेष प्रस्तावहरु :**
१. यस कम्पनीको नियमावलीको दफा ८ को उपदफा ८.६ र दफा ११ संशोधन गर्ने सम्बन्धमा ।
२. विविध ।

**नोटः** विशेष साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८२ श्रावण १ गते एक दिनका लागि बन्द गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१२/३० मा दर्ता भएको **प्रा. लि. नं. ३११००२** को **सर्टकट नेपाल प्रा. लि.** को मिति २०८२/०३/३० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२३ मा दर्ता भएको **प्रा. लि. नं. १७७९०१/०७४/०७५** को **भूमिराज बिल्डर्स प्रा. लि.** को मिति २०८२/०३/३० को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रमेश हरि अधिकारी, इजाजत पत्र नं. ५४७,**
**ठेगानाः का.म.न.पा.-३२, काठमाडौं**

**कोठा खोल्न आउने बारे १५ दिने सूचना**

का.म.न. वडा नं. १४ कलंकी खड्का गाउँ स्थित कित्ता नं. ६० को म श्रृजना कुमारी भेटवालको नाममा रहेको घरमा भाडामा १ महिना बसी विगत ६ महिना अगाडी केहि सामान छोडेर कोठामा सम्पर्क बिहिन भई उक्त व्यक्तिहरू श्रीमान/श्रीमती भिम धामी (बझाङ्ग) ना.प्र. नं. ७१-१-७०-०१५२८ सम्पर्क नं. ९८२३८६३९४८ र सालिका लामा तामाङ (बझाङ्ग) सम्पर्क नं. ९८६२४३२०५९ निजले घरपेटी संग पनि सम्पर्कमा नआएको हुनाले उक्त घरको चार कोठा/फ्ल्याटको ताला खोल्ने कानुन बमोजिम अनुमती चाहन्छु ।

निवेदकः श्रृजना कुमारी भेटवाल
सम्पर्कः ९८५१०५७१४६

**विद्यालयको शेयरवाला र स्थान परिवर्तन सम्बन्धमा ३५ दिने दावी विरोध सम्बन्धी सूचना ।**

**प्रकाशित मिति २०८२/०३/३१ गते**

निर्माण पूर्व प्राथमिक विद्यालय गोकर्णेश्वर-५, काठमाडौंले विद्यालयको शेयरवाला ईश्वरी आचार्य गो.न.पा ५, काठमाडौं अब उप्रान्त मोरङ जिल्ला साविक बुधनगर गा.वि.स.वडा नं.४ परिवर्तित विराटनगर म.न.पा.वडा नं.१८ को नाममा कायम हुने शेयरवाला कायम गरिदिन निवेदन प्राप्त भई कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट शेयरवाला परिवर्तन भएको साथै उक्त विद्यालयको स्थान गो.न.पा.५,काठमाडौंबाट गो.न.पा.७, काठमाडौं कायम गर्ने माग भई आएकोले शेयरवाला परिवर्तन र स्थान परिवर्तनसँग सम्बन्धित कोही कसैको **दाबी विरोध** भएमा यो सूचना प्रकाशन भएको मितिले **३५ दिनभित्र** गो.न.पा.शिक्षा, युवा तथा खेलकूद शाखामा स-प्रमाण दाबी पेश गर्ने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधिभित्र स-प्रमाण दाबी विरोध पेश नभएमा माग बमोजिम नियमानुसार भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**वीर बहादुर खड्का**
**नगर शिक्षा अधिकारी**





## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**मंगलबार, ३१ असार, २०८२**

| | |
|---|---|
| **मेष** | प्रेम सम्बन्ध राम्रो रहनेछ । |
| **वृष** | आर्थिक पक्ष सबल रहनेछ । |
| **मिथुन** | काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ । |
| **कर्कट** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **सिंह** | रोकिएका काम सम्पादन हुनेछ । |
| **कन्या** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **तुला** | सोचेको उपलब्धि प्राप्त हुनेछ । |
| **वृश्चिक** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **धनु** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **मकर** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कुम्भ** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **मीन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**३१ असार , २०८२ (१५ जुलाई, २०२५)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.९९ | १३७.५९ |
| युरो | १ को | १६०.१४ | १६०.८४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८४.९४ | १८५.७५ |
| स्विस फ्रैन्क | १ को | १७१.९८ | १७२.७३ |
| अस्ट्रेलियन डलर | १ को | ९०.१४ | ९०.५३ |
| क्यानाडियन डलर | १ को | १००.०६ | १००.५० |
| सिङ्गापुर डलर | १ को | १०६.९९ | १०७.४६ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | १९.११ | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३६.५३ | ३६.६९ |
| कतारी रियाल | १ को | ३७.५८ | ३७.७५ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३० | ३७.४६ |
| मलेसियन रिङेट | १ को | ३२.२१ | ३२.३६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९३ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १४.३३ | १४.३९ |
| डेनिस क्रोनर | १ को | २१.४६ | २१.५५ |
| हङकङ डलर | १ को | १७.४५ | १७.५३ |
| कुवेती दिनार | १ को | ४४८.१२ | ४५०.०८ |
| बहराइन दिनार | १ को | ३६३.३८ | ३६४.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# चुरेमा हात्तीको बथान, बस्तीमा त्रास

**कञ्चनपुर**– शुक्लाफाँटा नगरपालिकाको चुरे फेदीका वन क्षेत्रमा जंगली हात्तीको बथान आइपुगेको छ । भारतीय दुधुवा नेसनल पार्कमा वर्षात्को पानी भरिन थालेपछि हात्तीको बथान प्रत्येक वर्ष चुरे क्षेत्रका वनमा आइपुग्ने गर्दछ ।

यस वर्ष हात्तीको बथान अरू वर्षको तुलनामा चाँडै चुरे क्षेत्रमा पुगेको छ । हात्तीको बथान बस्ती नजिकैका वन क्षेत्रमा दैनिक देखापर्न थालेपछि सामुदायिक वनमा उपभोक्तालाई नजानका लागि सचेत गराउने कार्य भइरहेको छ । हात्ती रहेको क्षेत्रमा घाँस, दाउरा, सोतरका लागि पुग्ने उपभोक्तालाई जानबाट रोक्ने कार्य भइरहेको वातावरण मध्यवर्ती सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीले बताए । उनका अनुसार वन क्षेत्रमा जान पूर्णरूपमा निषेध गरिएको छ ।

'हात्तीको बथान सामुदायिक वनको कार्यालय नजिकैको बाँसघारीमा दैनिकजसो बाँसका टुसा खानका लागि पुग्ने गरेका छन्,' उनले भने, 'उपभोक्तालाई वन क्षेत्रमा नजानका लागि आग्रह गर्दै आएका छौं ।'

मानवीय क्षति हुन नदिनका लागि उपभोक्तालाई सचेत पार्ने कार्य भइरहेको उनले बताए । बैजनाथ सामुदायिक वनका अध्यक्ष बहादुरसिंह महरा हात्तीको गतिविधि दैनिक नियाल्दै आएको बताउँछन् । 'मानव बस्तीमा हात्ती छिर्न सक्ने प्रबल सम्भावना हुन्छ,' उनले भने, 'हात्ती धपाउनका लागि स्थानीय बासिन्दा जाँदा मानवीय क्षति पनि हुन सक्छ, त्यसलाई रोक्न हात्ती कुन ठाउँमा पुगेका छन् भनेर चियोचर्चो गर्ने कार्य गरिँदै आएको छ ।'

वन क्षेत्र भएर धारापानी, पिलरीफाँटा जाने स्थानीय बासिन्दालाई साँझ-बिहान जानका लागि रोक्ने कार्य गरिँदै आएको उनले बताए । दिउँसो वन क्षेत्र भएर जानेलाई पनि सतर्कता अपनाएर जानका लागि सल्लाह दिने गरेको उनी बताउँछन् । कम्तीमा १० देखि १५ को संख्यामा हात्तीको बथान चुरे क्षेत्रमा रहेको छ । विगत तीन वर्षदेखि हात्तीको बथानले बस्तीमा छिरेर मानवीय र भौतिक क्षति पुऱ्याउँदै आएको छ ।

किसानले धान नभित्र्याउँदासम्म हात्तीको बथान चुरे क्षेत्रका वनमा रहने गर्दछ । बर्सात् कम हुँदै गएपछि चुरे क्षेत्रबाट तलका बस्तीमा पुगेर धान, उखु, केरालगायतका बालीमा नोक्सानी पुऱ्याउने गर्दछ । हात्तीकै कारण विशेषगरी शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका किसानले बालीनालीमा बढी क्षति व्यहोर्दै आएका छन् ।

हात्तीलाई रोक्नका लागि मध्यवर्ती क्षेत्रका केही ठाउँमा 'मेसवायर' जडान गरिएको भए पनि हात्तीले त्यसलाई भत्काएर खानाको खोजीमा बस्तीमा प्रवेश गर्दै आएको छ । नगरपालिकाको वडा नं ७ का बासिन्दा दानसिंह कुँवर मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने सिमलफाँटा क्षेत्रमा जडान गरिएको मेसवायरमा हात्ती नियन्त्रण गर्नका लागि सौर्य ऊर्जामा आधारित विद्युतीय करेण्ट छाड्ने व्यवस्था गरिदिनका लागि माग गर्दै आएको बताउँछन् । 'करेण्ट प्रवाह भएको मेसवायर हात्तीले भत्काउँदैन,' उनले भने, 'हात्ती बस्तीमा प्रवेश गर्न पाउँदैन, प्रवेश नगरे बालीनाली र जीउज्यान जोगाउन सकिन्छ ।'

हात्तीकै कारण खेतबारी लगाएको अन्न भित्र्याउन नपाइने गरेका कारण सिमलफाँटाका अधिकांश बासिन्दा रोजीरोटीका लागि भारततर्फ लाग्ने गरेको उनको भनाइ छ । हात्ती नियन्त्रणका लागि वडादेखि नगरसम्म ध्यानाकर्षण गर्दै आए पनि सुनुवाइ हुन नसकेको गुनासो गर्छन् । हात्तीको बथान धानबाली किसानले भित्र्याइसकेपछि मात्रै दुधुवा नेसनल पार्कतर्फ लाग्ने गर्दछ । त्यसपछि गहुँबाली खेतमा हरियो हुन थालेपछि पुनः यी क्षेत्रमा फर्कने गर्दछ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### सुशासनमा...

ओली सरकारलाई गिरिबन्धु टि-स्टेट र भुटानी शरणार्थीकाण्डको छानबिनको फाइल बन्द गरेको आरोप लाग्दै आएको छ । यसबारे संसद्मा सबै प्रतिपक्षी दलहरूले आलोचना गर्दै आएका छन् । तर, यी दुई प्रकरणको छानबिन कहाँ पुग्यो ? अत्तोपत्तो छैन ।

माओवादी अध्यक्ष दाहाल भने यी दुई काण्डको छानबिन अगाडि बढाउँदा आफ्नो सरकार भ्रष्ट र बिचौलियाको बलमा कांग्रेस र एमालेले ढालेको गुनासो गर्छन् । उनले मंगलबारको संसद् बैठकमा पनि सोही गुनासो पोखे । तर, हालै बसेको एमाले बैठकले भने सुशासनको गति बढेको निष्कर्ष निकालेको थियो ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम भन्छन्, 'अघिल्लो (दाहाल) सरकार कुशासनमा थियो । जताजतै भ्रष्टाचार थियो । यो सरकार गठनपछि भ्रष्टाचारीहरू जेल गए, मुद्दा चल्यो ।'

यस्तै, कांग्रेस र एमालेको सरकार सहमतिको मुख्य बुँदा रहेको संविधान संशोधनलाई कार्यान्वयनमा लान चुकेको देखिएको छ । जबकि, सातबुँदे सहमति भएलगत्तै संविधान संशोधनबारे सरोकारवाला पक्षले निकै चासो देखाएका थिए । धेरैले दुई ठूला दल मिलेर संविधान संशोधन प्रक्रिया अघि बढ्छ कि भन्ने अपेक्षा पनि गरेका थिए । सहमतिको दुई-तीन महिनासम्म दुई दलका नेताहरूले सार्वजनिक फोरमबाटै संविधान संशोधनबारे खुबै चर्चा गरे । तर, यतिबेला संविधान संशोधनको विषय सत्तारुढ दल र सरकार स्वयंका लागि अरुचिजस्तै बन्न पुग्यो ।

प्रधानमन्त्री ओलीले २०८१ साउन ६ मा प्रतिनिधिसभा बैठकमा विश्वासको मत लिने क्रममा अस्थिरता हटाउन संविधान संशोधन चाहिएको भन्दै संशोधन गरिने घोषणा गरेका थिए । 'अस्थिरता हटाउन संविधानमा संशोधन चाहिन्छ । निराशा चिर्न देशलाई विकास र समृद्धितर्फ डोहोऱ्याउन बलियो प्रणाली नबनाइकन हुँदैन । विनास्थायित्व बलियो प्रणाली बन्दैन,' ओलीले भनेका थिए । तर, यतिबेला संविधान संशोधनको एजेण्डा सत्तारुढ दलका नेताहरूबाट सुनिँदैन ।

माओवादी नेता शक्ति बस्नेतले सोमबारको संसद् बैठकमा संविधान संशोधनको प्रक्रियासमेत सुरु नगरेर सरकारले आफ्नै सहमति कार्यान्वयन गर्न नसकेको टिप्पणी गरेका थिए । उनले सरकारलाई सोधेका थिए- 'खोइ ! कहाँ गयो तपाईंहरूको संविधान संशोधनको एजेण्डा ?'

संसद्को चौथो ठूलो विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता मनिष झा पनि सरकार र सत्तारुढ दल एक वर्षअघि आफैंले गरेको संविधान संशोधनबारेको सहमतिप्रति इमान्दार नभएको टिप्पणी गर्छन् । उनले प्रभावसँग भने, 'संविधान संशोधन आवश्यकताअनुसार हुन्छ र यसबारे कांग्रेस र एमालेले सुरुका केही महिना धुमधामसाथ संशोधन हुन्छ भने तर, खोइ ?'

निर्वाचन प्रणाली हेरफेर गर्न संविधान संशोधन गर्ने दुई दलले घोषणा गरेका थिए । खासगरी समानुपातिक निर्वाचन प्रणाली हटाउने पक्षमा थिए । तर, संसद्मा संविधान संशोधनका लागि दुईतिहाइ बहुमत संसद्को दुवै सदनमा आवश्यक हुन्छ । जनता समाजवादी पार्टी (जसपा) नेपाल र नागरिक उन्मुक्ति पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै सरकारको दुईतिहाइ बहुमत गुमेको छ । कांग्रेस र एमालेसँगमात्रै संसद्मा दुईतिहाइ बहुमत अभाव छ । यसले गर्दा संविधान संशोधनको एजेण्डाबाट दुई दल पछि हटेको राजनीतिक विश्लेषक चन्द्रकिशोर बताउँछन् ।

उनले भने, 'कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिमा मुख्यतः तीन 'स' थियो, पहिलो- संविधान संशोधन, दोस्रो- सुशासन र तेस्रो- संविधानमाथिको स्वामित्त्व । तर, एक वर्षमा हेर्दा यी तीनवटै कार्य गर्न शक्तिशाली सरकार चुक्यो ।'

ओली सरकारको एक वर्षबीचमै राजनीतिक परिवर्तन उल्टाउन चाहने राजतन्त्रपक्षधर शक्तिले गणतन्त्रपक्षधरलाई झस्काउनेगरी गतिविधि गऱ्यो । भलै, उक्त शक्ति आन्तरिक किचलोमा फस्यो र आन्दोलन शिथिल हुन पुग्यो ।

# इमेज ग्रुपमा नयाँ व्यवस्थापन



**काठमाडौं (प्रस)**– इमेज ग्रुप अफ कम्पनिज अब नयाँ व्यवस्थापनमा सञ्चालन हुने भएको छ । इमेज च्यानल टेलिभिजन, इमेज एफएम ९७.९ मेगाहर्ज र इमेजखबर डटकम सञ्चालन गर्दै आएको यस कम्पनीबाट आरके मानन्धर अलग भएसँगै नयाँ व्यवस्थापनको प्रवेश भएको हो ।

विगत २७ वर्षदेखि मानन्धरको नेतृत्वमा सञ्चालित उक्त कम्पनी अब साउन १ गतेदेखि दिरेकलाल श्रेष्ठ नेतृत्वको नयाँ व्यवस्थापनबाट सञ्चालन हुने जानकारी दिइएको छ । कामना प्रकाशन गृहका प्रमुख कार्यकारी श्रेष्ठले इमेज ग्रुप अफ कम्पनिजको कार्यकारी अध्यक्षको जिम्मेवारी सम्हालेका हुन् । प्रबन्ध निर्देशकको जिम्मेवारीमा चेङ अग्रवाल आएका छन् ।

लाजिम्पाटस्थित इमेज च्यानलको कार्यालयमा सोमबार एक समारोहबीच संस्थापक अध्यक्ष मानन्धरले नयाँ व्यवस्थापनलाई जिम्मेवारी हस्तान्तरण गरेका छन् ।


## साउदीमा रोजगार

कम्पनी : TAMKEEN HUMAN RESOURCES COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 321116 | चलानी नं.६०२३५२४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 40 | 0 | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## कतारमा रोजगार

कम्पनी : METRO PLASTIC FACTORY

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 314748 | चलानी नं. ६०२४०२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck driver/driver | 1 | 0 | 1900 | ७१,४७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
श्रम ईजाजत नं. ०८५/०५३/०५४



## युएइमा रोजगार

कम्पनी : DESCON ENGINEERING

पूर्व स्वीकृति मिति : २०८१/११/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 320103 | चलानी नं. ६०२३४३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 19 | 0 | 800 | २९,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipefitter | 20 | 0 | 1200 | ४४,७९५ | | | | | | | |
| 3 | Riggers | 27 | 0 | 1200 | ४४,७९५ | | | | | | | |
| 4 | Scafolder | 40 | 0 | 1200 | ४४,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: BTCC International Scaffolding Services Pvt.Ltd. इटहरी-६, धरान रोड, त्रिभेनी मार्गमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ । सम्पर्क: ९८०२१०१८८/ ९८१८६४६५६७

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



## साउदीमा रोजगार

कम्पनी : LEEJAM SPORTS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/२९ | LT. No. 327018 | चलानी नं. ६०२४०९६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 50 | 0 | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com
श्रम ईजाजत नं.११४२/०७३/०७४



## युएइमा रोजगार

कम्पनी : AL GEEMI CONTRACTING COMPANY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 317729 | चलानी नं. ६०२३१९२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Operator | 67 | 0 | 1500 | ५५,९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9851254109/9705000446/9705000447
9851196857/9705000449/9851095260 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



## कतारमा रोजगार

कम्पनी : GALFAR ALMISNAD ENGINEERIENG & CONTRACTING

पूर्व स्वीकृति मिति २०८१/०९/२६ | पुन: विज्ञपन स्वीकृति मिति २०८२/03/30 | LT. No. 316926 | चलानी नं ६०२३११५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER | 2 | 0 | 1000 | ३७,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले व्यहोर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | कल्याणकारी कोषसम्बन्धी व्यवस्था: | सेवा शुल्क | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.१५००/- कामदार आफैंले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | - |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com
Govt. License 756/064/65



## युएइमा रोजगार

कम्पनी : ELIF KHAN ELECTROMECHANICAL EQUIPMENT INSTALLATION AND MAINTRNANCE CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ | LT. No. 326935 | चलानी नं. ६०२४०९५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arch Welder | 7 | 0 | 1200 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electricians | 5 | 0 | 1200 | ४४,७९५ | | | | | | | |
| 3 | Pipe Fitter | 5 | 0 | 1200 | ४४,७९५ | | | | | | | |
| 4 | Riggers | 3 | 0 | 1200 | ४४,७९५ | | | | | | | |
| 5 | Steel Fixer | 5 | 0 | 1200 | ४४,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262
E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com


## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०३।२७ गते ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.११, शंखमूल एरिया दथुल स्थित सार्वजनिक सडक छेउमा पार्किङ गरिराखेको Pulsar 150 cc मोटरसाइकल बेलुका ७:४५ देखि ८:१५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : अनिश श्रेष्ठ**
**बाइक नं.: बा.प्र. ०२-०५२ प १२२८**
**च्यासिस नं.: MD2A11CX4RPD58204**
**इन्जिन नं. : DHXPRD71293**
**ठेगाना : शंखमुल, ललितपुर -११**
**सम्पर्क: ९८४०२७५७४८/९८४१३६७४५५**

## बिमालेख हरायो

मिति २०८२/०१/२१ गते ललितपुर, इमाडोलबाट पुलचोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : नरेन्द्र प्रसाद साह कलवार**
**बिमालेख नं.: १६०००७३९६**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१३२२९२६**

## बिमालेख हरायो

मिति २०८२/०१/०७ गतेका दिन कोटेश्वरदेखि मीनभवन नयाँबानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**बाट जारी भएको **बिमालेख** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**नाम : बाबु यादव**
**बिमालेख नं.: 100113967**
**ठेगाना : बेलदारी-४, बारा**
**सम्पर्क नं : ९८१८०५८२८८**

## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### करारमा कर्मचारी लिनेसम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/३१ गते)

यस चौदण्डीगढी नगरपालिका मातहत रहेको नगर अस्पतालमा तपसिल बमोजिमको पदमा सेवा करारमार्फत् कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोके बमोजिमको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद र तह | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | १५/२०८१/०८२ | मेडिकल अधिकृत (आठौं तह) | १ (एक) | |

**परीक्षा मिति र स्थान** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भएपश्चात् जानकारी गराइनेछ ।
**परीक्षा दस्तुर** : रु. १,२००/-
**परीक्षाको किसिम** : सङ्क्षिप्त सूची प्रकाशित गर्ने र अन्तरवार्ता ।
**दरखास्त दिने अन्तिम मिति** : मिति २०८२/०४/१३ गते कार्यालय समयभित्र । सो दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनको कार्यालय समयभित्र ।
**दरखास्त दस्तुर बुझाउने स्थान** : चौदण्डीगढी नगरपालिकाको राजश्व शाखा ।
**दरखास्त फाराम बुझाउने स्थान** : चौदण्डीगढी नगरपालिकाको प्रशासन शाखा ।
**उम्मेदवारको उमेर हद** : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
**आवश्यक कागजातहरू** : करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधिको अनुसूची ३ अनुसारको दरखास्त फारम भरी ३ प्रति पासपोर्ट साइजको फोटोसहित तल उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरूले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रूपमा खुलाई हस्तलिखित निवेदनसहित चौदण्डीगढी नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका दरखास्त फारमहरूलाई मान्यता प्रदान गरिने छैन ।

**आवश्यक न्यूनतम योग्यता र परीक्षा किसिम** :
१. **मेडिकल अधिकृत (अधिकृतस्तर आठौं)** : मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उत्तीर्ण गरी मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाण-पत्र ।

**कार्यअवधि, तलब तथा अन्य सुविधा** : सम्झौताअनुसार हुनेछ । यसरी गरिने सम्झौता अवधि समाप्त भएपछि पुनः नवीकरण गर्ने नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने र यसमा कुनै उजुर बाजुर गर्न पाइने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९३/०२/१६

स्वर्गारोहण
२०८२/03/0९

**स्व. आङ याङ्डी शेर्पा**

सोलुदुधकुण्ड न.पा.५ सल्लेरी सोलुखुम्बु घर भई हाल काठमाडौंस्थित शेर्पा कोलोनी तिनचुली बस्दै आउनुभएका यस शेर्पा सेवा केन्द्रको आजीवन सदस्य **श्री आङ याङ्डी शेर्पा**को ८९ बर्षको उमेरमा असामयिक निधन भएकोले आज २१औं दिनको पूण्यतिथिमा दिवगंत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
तथा
**सम्पूर्ण शेर्पा सेवा केन्द्र परिवार**
बौद्ध, टुसाल, काठमाडौं

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मन्त्रीको 'घुस डिल' प्रकरणमा मौन प्रधानमन्त्री

**एक कर्मचारीको सरुवाका र अर्को नियुक्तिका लागि सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले ७८ लाख रूपैयाँ 'घुस डिल' गरेको अडियो सार्वजनिक भएर सबैले सुनिसके। अडियोमा प्रस्टैसँग मन्त्रीले घुस मागेको सुनिन्छ। सार्वजनिक पदमा बसेका मन्त्रीले यस्तो आरोप लाग्नासाथ निष्पक्ष छानबिनका लागि पद छाड्नुपर्ने हो। तर विडम्बना मन्त्रीले त पद छाडेनन् छाडेनन्। सुशासनको नारा घन्काउँदै आएका प्रधानमन्त्री केपी शर्मा ओलीसमेत यस विषयमा कान थुनेर बसेका छन्।**

**प्रधानमन्त्री अहिले आँखा बन्द गरेर बसेका छन्। कुरा चपाएर बसेका छन्। कतिसम्म भने घुस डिल प्रकरणमा मुछिएका मन्त्रीकै सहभागितामा सोमबारको मन्त्रिपरिषद् सम्पन्न भयो। मन्त्रिपरिषद्ले फर्जी कागजात पेस गरेको अभियोगमा बिमा प्राधिकरणका अध्यक्ष शरत ओभ्रामाथि कारबाही गर्ने निर्णय गर्‍यो तर त्यही मन्त्रिपरिषद्मा मन्त्री गुप्ताबारे केही पनि कुरा उठेन।**

**मन्त्री गुप्तालाई यो प्रकरणमा प्रधानमन्त्रीले स्पष्टीकरण सोध्नुपर्ने हो। तर ओलीले यस्तो गम्भीर विषयमा प्रश्न उठ्दा पनि केही कदम चालेका छैनन्। हुन त यो सरकार पछिल्लोपटक विवादै विवादमा तानिएका छन्। गृहमन्त्री रमेश लेखक भिजिट भिसामा सर्वसाधारणसँग रकम असुली प्रकरणमा तानिए पनि राजीनामा नदिई बसेका छन्। नेपाल विद्युत् प्राधिकरण र नेपाल स्काउटको जग्गा हडपेर विवादमा आएका ऊर्जामन्त्री दीपक खड्का यही सरकारमा टिकिरहेका छन्।**

**आफ्नो बुवा गणेशमान सिंहको नाममा ७८ करोड बजेट हालेका उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह यही सरकारमा छन्। उद्योगीको पक्षपोषणमा लागेका उद्योगमन्त्री दामोदर भण्डारी यही सरकारमा छन्। ओभ्रालाई बिमा प्राधिकरण लैजान स्वीकृत दिने अर्थमन्त्री विष्णु पौडेल यही सरकारमा छन्। अझ कांग्रेसको प्रत्यक्ष राजनीतिमा रहेका डा. विश्व पौडेललाई केन्द्रीय बैंकको गभर्नर बनाएर पौडेल झनै विवादमा तानिए। सहकारीमन्त्री बलराम अधिकारीको नाम घुस डिल प्रकरणमा मुछिएको छ। श्रममन्त्री शरतसिंह भण्डारी उत्तिकै विवादित पात्र हुन्।**

**को भन्दा को कम ? अटाइनअटाइ यस्तै विवादित मन्त्रीहरूको नेतृत्व प्रधानमन्त्री ओलीले गरिरहेका छन्। भ्रष्टाचार गर्दिनँ र गर्न दिन्न भन्ने अठोटका साथ सरकारको नेतृत्व गरेको ओली आफैं पनि स्पेन भ्रमण प्रकरणमा मुछिएका छन्। गुण मिल्ने घुलनशील देखेर प्रधानमन्त्री घुस डिल प्रकरणमा पनि मौन बसेका हुन् कि ?**

# प्रदेश भाषा र लोपोन्मुख भाषा वक्ताका पीडा



■ गणेश राई

> भाषा आयोग गठनपछि आयोगले भाषा ऐनको मस्यौदा सरकारलाई बुझाएको धेरै भएको छ। तर अहिलेसम्म संघीय भाषा ऐन जारी भएका छैन। संघीय भाषा ऐन जारी हुनसके त्यसले संघीयतालाई सम्बोधन गर्न सक्छ। प्रादेशिक भाषा ऐनलेमात्र मुलुकका भाषाहरु संरक्षणमा तागत पुग्न सक्दैन। तसर्थ, संघीय भाषा ऐन पहिलो आवश्यकता हो। हरेक प्रदेश तथा स्थानीय सरकारले मातृभाषी समुदायहरूलाई भाषाको महत्त्व बुझाउने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जरुरी छ।

भाषा आयोगले सात प्रदेशमा १२ वटा भाषा प्रादेशिक सरकारी कामकाजको भाषा हुनसक्ने भन्दै सिफारिस गरेको आधा दशकभन्दा बढी भएको छ। सिफारिअनुसार बागमती प्रदेशले 'प्रदेश भाषा ऐन, २०८१' जारी गर्दै तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा घोषणासहित कार्यान्वयनका क्रममा रहेको छ। गण्डकी प्रदेशसभाले यही २०८२ असार २४ गते 'प्रदेश सरकारी कामकाजको भाषा विधेयक' पारित गर्दै मगर र गुरुङ भाषालाई प्रादेशिक सरकारी कामकाज घोषणा गरेको छ। आयोगबाट सातवटै प्रदेशमा कूल १२ वटा भाषा सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरिएकामा दुई प्रदेशमा दुई-दुईवटा भाषाहरू प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्राप्त भई नेपालको भाषिक इतिहासमा सफलतम् अभ्यास सुरु हुन पुगेको छ।

साथै, अन्य पाँच प्रदेशमध्ये कोशी प्रदेश र मधेस प्रदेशमा भाषा विधेयक तयार भई पारित हुने प्रक्रियामा छन् भने लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पनि प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी कानुनी तर्जुमाको प्रक्रिया अघि बढेको देखिन्छ। भाषिक संघीयताको दृष्टिले नेपालका प्रदेशहरूमा सम्बन्धित प्रदेशमा बहुसंख्यक जनताले बोल्ने एकभन्दा बढी भाषा सरकारी कामकाजको प्रयोगमा आउनु अत्यन्त सुखद पक्ष हो।

तथ्यांकअनुसार मुलुकमा १४२ जातजाति र १२४ भाषा छन्। बहुसंख्यकले बोल्ने भाषाहरू प्रदेश सरकारी कामकाजको भाषा घोषणा भएपछि अब थप समृद्धितर्फ अघि बढ्ने छन्। ती भाषाहरू बोल्ने समुदायको पहिचान सुनिश्चित हुने छ। ती बोल्न जान्ने, पढ्ने, लेख्न जान्ने युवा पुस्ताहरूले अवसर पाउने छन्। साहित्य स्रस्टा, संगीत स्रस्टा, इतिहास अभिलेखनमा थप गाढापन छाउँदै जाने छ। जेनजी पुस्ताले बहुसंख्यक रहेको आफ्ना मातृभाषाको प्रवर्द्धनमा दिलोज्यान दिने छन्। ठीक विपरीत नेपालका अल्पसंख्यक भाषाहरू दिनानुदिन विलयतर्फ जाँदै छन्। २०७३ सालमा भाषा आयोग गठन भएपछि मुलुकको भाषाहरूको अध्ययन, अनुसन्धान गरी अवस्थाको वर्गीकरण गरेको छ। त्यसमध्ये १० वटा लोपोन्मुख भाषाको संवर्द्धनमा काम गर्दै आएको आयोगले जनाएको छ। यसमा इलामको लुङखिम, खोटाङको तिलुङ, सिन्धुलीको हायु, दोलखाको सुरेल, लमजुङको दुरा, गोरखा र धादिङको बराम (बालकुरा), दाङ र सुर्खेतको कुसुण्डा तथा राउटे भाषा संरक्षण अभियान सञ्चालन भएको छ।

बराम (बालकुरा) भाषा बोल्ने एक हजार ५३९ जना छन्। यो भाषा बचाउन अध्ययन अनुसन्धान भए पनि समुदाय जागरुक छैन। समुदायका प्रतिनिधिका अनुसार बरामको सामूहिकताका निम्ति आंशिकरूपमा भौतिक पूर्वाधार बनेको छ। तर मातृभाषामा पढाइलेखाइ गरेर जागिर नपाइने र सरकारी सेवामा प्रवेशमा सहयोग नपुग्ने भएकाले आकर्षण नरहेको बुझाइ रहेको छ। लोपोन्मुख लुङखिम राई भाषा बोल्ने ७०२ जना छन्। तर समाजमा लुङखिम राई भाषा बोल्न जान्ने दुई जनामात्र छन्। तीन वर्षदेखि समुदायमाझ हरेक वर्ष डेढमहिने भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ। सहभागीहरूले भाषा कक्षामा रहेसम्म अभ्यास गर्छन् भने घर फर्किएपछि व्यवहारमा उतार्न भने सहज मान्दैनन्। यसको मुख्य कारण भाषा रोजगारीसँग नजोडिनु हो। भाषा अर्थोपार्जनसँग नजोडिएकाले दैनिक जीवनमा लागू हुन सकेको छैन।

कुसुण्डा भाषा बोल्ने जम्मा २३ जना छन्। थोरै जनसंख्या भएको कुसुण्डालगायत समुदायप्रति राजनीतिक पार्टी र सरकारको दृष्टि नपुग्ने सम्बन्धित समुदायले अनुभूत गरेका छन्। स्थानीय सरकारसँग बजेट माग्न जाँदा किन चाहियो तपाईंलाई भाषा ? देश कहाँबाट कहाँ पुगिसक्यो। अरु जागिर खाने कुरा गर्नोस्। भाषा सिकेर के हुन्छ ? के पाइन्छ ? के फाइदा छ ? कसले बुझ्छ तपाईंको भाषा ? भन्छन्। तर, भाषा हराएसँगै कुसुण्डाको पहिचान हराउने अवस्था छ।

भाषाशास्त्रीको भनाइमा भाषा अभिलेखीकरणले मात्र बाँच्दैन। लोप भएर पछि खोज्न सजिलो हुनका लागिमात्र अभिलेखीकरण हो। लोपोन्मुख भाषाहरूको प्रयोगमा सम्बन्धित समुदायको संलग्नता अनिवार्य हुनुपर्छ। भाषा संरक्षण गर्न उनीहरू आफैंले प्रयोग गर्नुपर्छ। अभिलेखीकरण भन्नाले शब्द संकलन, शब्दकोश निर्माण, व्याकरण निर्माण र प्रकाशनमात्र बुझ्ने गरिएको छ। यसको दायरा फराकिलो गरी श्रव्य, दृश्यसहित अभिलेखीकरण गर्नु अहिलेको आवश्यकता हो। यसलाई प्राथमिकता दिन जरुरी छ। तर समुदायमा भाषा सिकेर के हुन्छ ? हामीले के पाउँछौं ? भन्ने प्रश्नले भाषा संरक्षणमा सहयोग पुग्दैन। संविधानले भनेजस्तो मुलुकमा बोलिने सबै भाषा राष्ट्रभाषा हुन् भन्ने शब्दलाई राज्यले व्यवहारमा उतार्ने प्रयास गरेको छैन। कुनै पनि भाषा मुलुकको सम्पदा हो भने राज्यले त्यसैअनुसार नीति, कार्ययोजना, कार्यक्रम र बजेटको तर्जुमा गरेर सम्बन्धित मातृभाषी समुदायको शिरउभौनी गर्न जरुरी छ। संघ, प्रदेशमात्र नभई दायित्व स्थानीय निकायको दायित्व दरिलो तुल्याउन जरुरी छ।

भाषाविद्का अनुसार सैद्धान्तिकरूपमा एक लाखभन्दा कम वक्ता रहेका सबै भाषा लोपोन्मुख भाषा हुन्। लाखभन्दा बढी वक्ता रहेको भाषा सुरक्षित भाषा मानिन्छ। एक लाखभन्दा बढी वक्ता रहेका भाषा २० वटामात्र छन्। त्यसमा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवाः (नेपाल), बज्जिका, मगर ढुट, डोटेली, उर्दू, अवधी, याक्थुङ (लिम्बू), गुरुङ, बैतडेली, अछामी, बान्तावा, राजवंशी, शेर्पा, मगही, खस पर्दछन्। व्याकरण र शब्दकोशले मात्र भाषा बाँच्दैन। लोपोन्मुख जातिका भाषा बचाउन सकिने उपाय अपनाएनौं भने भोलि तिनको अस्तित्व मेटिने खतरा छ। तसर्थ, भाषा वक्ताहरू एकै ठाउँ बसोबास गर्नुपर्छ भन्ने छैन। जहाँ रहे पनि 'डिजिटल' प्रयोगबाट भाषा संरक्षणका लागि पहल गर्न सकिन्छ।

भाषा र संस्कृतिसम्बन्धी काम गर्ने दर्जनौं निकाय छन्। वार्षिक अर्बौं खर्च गर्छन्। तर त्यो बजेटको कुनै परिणाम देखिँदैन। भाषा, साहित्य, संस्कृतिका विषयसँग सम्बन्धित निकायहरूमा संघीय शिक्षा मन्त्रालय, संस्कृति मन्त्रालय, भाषा आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग, मधेशी आयोग, समावेशी आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान, प्रदेश मन्त्रालयहरू, स्थानीय निकायहरू, स्थानीय निकायअन्तर्गतका प्रज्ञा-प्रतिष्ठानहरू छन्। औपचारिक पठनपाठनमा पाठ्यक्रम विकास केन्द्रले उत्पादन गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक पठनपाठन हुने साधारण धारका विद्यालयहरू, गुरुकुलीय संस्कृत पाठशालाहरू, बौद्ध गुम्बा शिक्षा, मदरसा शिक्षालयहरू छन्। त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत दर्जनभन्दा बढी विश्वविद्यालयहरू छन्। तर ती निकायहरूले अल्पसंख्यक, लोपोन्मुख समुदायका मातृभाषाबारे ठोस काम गर्न सकिरहेका छैनन्।

यसैगरी, संयुक्त राष्ट्रसंघले सन् २०२२-२०३२ लाई अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक घोषणा गरेको छ। नेपाल पक्ष राष्ट्र भएकाले त्यसबारे तालुकदार संघीय मन्त्रालयले कार्ययोजना बनाएको हुनुपर्छ। तर प्रदेश र स्थानीय तहमा त्यसको कुनै कार्यक्रम पुगेको छैन। समुदायमा त्यससम्बन्धी कुनै कार्यक्रम लागू भएको छैन। भाषाशास्त्री भन्दै आएका छन्, भाषासँगै संस्कृति जोडिने भएकाले भाषा नरहे हामी नेपाली रहँदैनौं। एउटा भाषा मर्दा अर्को भाषामा प्रभाव पर्छ। संविधानमा भएको मीठो घुमाउरो भाषाले मात्र काम गर्दैन। संघीय भाषा नीति आवश्यक छ। हरेक पालिकाले जाति भाषिक सर्वेक्षण गर्न जरुरी छ। त्यसको जनघनत्वअनुसार लगानी गर्न आवश्यक छ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र बनेको दुई दशक हुन लागेको छ। नेपालको अन्तरिम संविधान, २०६३ र त्यसपछि जारी नेपालको संविधान (२०७२)ले मुलुकमा बोलिने सबै मातृभाषा राष्ट्रभाषाको संज्ञा दिएको छ। भाषा आयोग गठनपछि आयोगले भाषा ऐनको मस्यौदा सरकारलाई बुझाएको धेरै भएको छ। तर अहिलेसम्म संघीय भाषा ऐन जारी भएका छैन। संघीय भाषा ऐन जारी हुनसके त्यसले संघीयतालाई सम्बोधन गर्न सक्छ। प्रादेशिक भाषा ऐनलेमात्र मुलुकका भाषाहरू संरक्षणमा तागत पुग्न सक्दैन। तसर्थ, संघीय भाषा ऐन पहिलो आवश्यकता हो। हरेक प्रदेश तथा स्थानीय सरकारले मातृभाषी समुदायहरूलाई भाषाको महत्त्व बुझाउने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जरुरी छ। यसैगरी, मातृभाषा बोल्ने समुदायको जीविकोपार्जन क्रम लेखपढ कार्यलाई रोगजारीसँग जोडिनुपर्छ। भाषा, साहित्य, संस्कृतिमा जीवन अर्पण गर्दै आएकाहरूको उचित लेखाजोखा हुनुपर्छ। *रासस*

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिंड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।




✍ बैकुण्ठ भण्डारी



# फिस तिरेर... मुटु चिरेर

गाउँमा हल्ला चल्यो यसपालिको एसइई परीक्षामा बिर्खे कान्छाका छोरा, हरिहरकी छोरीलगायत सबैले पास गरे। पोहोर साल त्यही एसइई फेल हुने धेरै थिए। यसपालि किन धेरै पास भए भनेको ओली 'बा' ले ४९ प्रतिशत पास गराउनेलाई किन तलब बढाउने ? भनेर भन्या थिए रे !

पहिले-पहिले एसएसली हुँदा पो रस्साकस्सी हुन्छ भन्थे, अहिले त्यस्तो होइन रे ! 'ग्रेडिङ इज ग्रेडिङ' अरे ! हुन पनि हो। को पहिलो, को दोस्रो थाहै हुँदैन, आनन्द। पास भाको कुरा थाहा पाउन पनि 'उबेला हप्ता दशेक' कुर्नुपर्ने ! अहिले त कति सजिलो सजिलो, उताबाट रिजल्ट निस्क्यो भनेपछि मोबाइलमा फुत्तै। प्रविधि भनेको त्यसै हो र ? नेपालाँ प्रविधिको प्रगति यति धेरै भाको छ, पहिले-पहिले करोडौं लगानी गरेर खुल्ने टिभी र अहिले सानो मोबाइल तस्बिर खिचेर फलाने टिभी भनेजस्तै हो। कम चल्या छ ! यही चल्या देखेर होला हरिहरले आफ्नी छोरीलाई त्यही प्रविधि पढ्न भन्या छ।

एसइई पास भाकी छोरीलाई उसले प्रविधि पढ भनेपछि छोरीले पनि नाइँ भन्ने कुरै भएन। एसइई पास भएकी छोरी बोकेर हरिहर राजधानी भोलिपल्टै हान्निए। पहिले पहिले भाइबहिनीलाई सरकारी क्याम्पसमा भर्ना गराउन संगठन धाउने गरेका हरिहर यसपटक सीधै पुग्न सकिहाले।

छोरी पहिलोपटक काठमाडौंमा पाइला टेकेकी। उसका लागि यो सहर निकै नै भयावह लागेछ। भीड, जाम, प्रदूषण कोलाहल, सबैको आ-आफ्नै सुर, ओहो ! के भन्ने। जे भए पनि प्रविधि पढ्न आको मान्छे राम्रो त हुने भैगो नै। सरकारी क्याम्पसमा भर्ना खुलैकै छैन भनेपछि हरिहरले चलाउने 'फेसबुक' मा निजी क्याम्पसका प्रचारप्रसार त कति हो कति ? यसो हेर्दा अमेरिका-बेलायत नै यतै छ। जस्तो।

हरिहर छोरी लिएर एउटा भव्य क्याम्पसमा छिरे। चिटिक्क परेको दौरा सुरुवाल, शिरमा ढाकाको टोपी भिरेका उनी क्याम्पसको गेटमा पुग्दा पञ्चायतकालीन पुलिसको जस्तै पोसाक लगाएको सुरक्षा गार्डले दाहिने खुट्टा बजारेर सलाम ठोकेपछि उनी हेरेको हेर्‍यै भए। हरिहरजस्तै अरु अभिभावक पनि क्याम्पसको गेटबाट छिर्दै गर्दा सुरक्षा गार्डको सलामीले अभिभावकको दिमाग हराम नै बनाइसकेको भान हुन्थ्यो। छोरीलाई 'प्रविधि विज्ञान' पढाउन कस्सिएर काठमाडौं आएका हरिहर क्याम्पसको गेटदेखि फाराम भर्ने ठाउँभित्र रिसेप्सन, प्रतीक्षालय अभिभावकहरूको भीडभाडमा त्यसै रमाइरह्यो। ऊ भित्रभित्रै मैले त छोरीलाई गज्जबकै क्याम्पसमा पढाउने भएँ भनेर खुसी थियो। 'ओहो ! यस्तो पनि क्याम्पस ? हाम्रो पालाको क्याम्पस कस्तो, अहिलेको क्याम्पस पाँचतारे होटलजस्तो !'

लचकदार कुर्सीमा बसेर भित्तामा टाँसिएर राखेको बढेमानको टिभीमा क्याम्पसका गतिविधि हेरेर फुरुंग थिए हरिहर। उता गाउँबाट काठमाडौं आउँदा फलानालाई भेट्नु भनेर उतैका नेताले पठाएका थिए। त्यही भएर उनलाई क्याम्पसका साहु भेट्ने चाहना पूरा हुन धेरै बेर नै कुर्नुपर्‍यो। क्याम्पसमा त 'बडादसैंको नौरथा चलेको छ, भक्तजन अभिभावकहरूको लामो लाइन छ !' सबैको अनुहारमा निकै चमक देखिन्छ। भित्तामा राखिएको टेलिजिभन पर्दा, सुमधुर स्वरमा छोरीमान्छेको आवाजबाट फलानो मान्छे भित्र आउनुस् भनेर बोलाइरहँदा कति सभ्य देखिन्थ्यो।

लामै पर्खाइपछि भित्ता कुनामा टाँसिएको स्पिकरबाट कोकिलकण्ठ आवाजबाट 'हरिहरप्रसाद कुमार शर्मा चौलागाईं' भन्ने आवाज सुन्नासाथ उनी जुरुक्क उठे। छोरीको देब्रे हात ताने अनि अर्को सिसाको ढोका अगाडि पुगे। ढोकामा अंग्रेजी भाषामा 'धेकेल्नुस्' लेखिएको थियो। हरिहर र छोरी सिसाको अगाडि उभिरहे। छोरीले भित्र जाउँ ढोका धकेल्नुस् भन्दै थिइन्।

हरिहरले मानेनन्, भित्रबाट १२ कक्षा पढ्दै गरेकी नानीले सिसाको ढोका उघारेर छेवैको कोठामा छिराइन्। यो क्रम निरन्तर चलिरहेको थियो। बिहान ८ बजेदेखि ६ बजेसम्म क्याम्पसमा अहिले नौरथा लागेको छ। भित्र छिरेका हरिहरले नमस्कार गर्दै भने, 'फलानो नेताले पठाउनुभएको। हजुरलाई गएर भेट्नु सबै सहज हुन्छ भन्नुभएको छ।'

सायद उनी क्याम्पसको लगानीकर्ताहरूमध्येका एक थिए। उनले मिठो स्वरमा भने, 'ए कत्ति राम्रो, उहाँ हाम्रै सहकर्मी हुनुहुन्छ, हाम्रो गोत्र एउटै हो। ल भन्नोस्, अब मैले के सहयोग गर्नुपर्‍यो ?' छोरीलाई देखाउँदै, 'यी यसले राम्रै नम्बर ल्याएर पास गरी क्यारे, त्यही भएर अब माथिल्लो कक्षा पढाउनुपर्‍यो भनेर आको।'

उनले फेरि भने, 'एकदम राम्रो गर्नु भो। हाम्रो शिक्षालय भनेको नेपालमा नै 'टप' पर्छ। हामीले विद्यार्थीहरूका लागि दिने सेवा सुविधामा कुनै 'कम्प्रमाइज' गर्दैनौं। बाहिर भित्तामा टाँसिएका फोटाहरू हेर्नु भो होला नि ? ती सबै यही शिक्षालयमा पढेर अधिकांश त विदेश उडिसके (हल्का हाँस्छन्)। अनि नानी के पढ्ने विचार गरेकी छौं त ?'

छोरीले लजालु स्वरमा भनिन्, 'पढ्न त मलाई कानुन पढ्न मन थियो, तर बाबाले प्रविधि विज्ञान नै पढ् भन्नुभएको छ त्यही पढ्छु।' छोरीको कुरा सुनेर, 'उनले भने कति राम्रो विचार, तर यो पनि ठीकै छ। सबैभन्दा 'बेस' छ। अहिले प्रविधिको युग छ। प्रविधि विज्ञान नै राम्रो हो नि ? छोरीले मुण्टो हल्लाउँछिन्।'

हरिहरले सोधे, 'अनि सर यो ११ र १२ पढ्न कति लाग्ने हो कुन्नि ?'

'अब हेर्नुस् यो विषय भनेको नै धेरै मिहेनत गर्नुपर्ने विषय। स्रोत साधन समय सबै धेरै नै लाग्छ। त्यही भएर अरु विषयभन्दा अलि बढी नै लाग्छ। चिन्ता लिनु पर्दैन यो विषय पढेपछि छोरीले कमाउँछिन्। त्यसमाथि पनि तपाईं त हाम्रो 'फलानो' नेताजीले भनेर पठाएको चिन्तै लिनु पर्दैन।' नेताले भनेर पठाएको चिन्ता लिनु पर्दैन भनेपछि हरिहरको अनुहारमा खुसी देखिन्छ। उनले फेरि सोध्छन्, 'तै पनि लगभग कति चाहिँ तिर्नु पर्ला ?'

'चिन्तै लिनु पर्दैन अहिले यो फर्म भर्नुस्, अनि यो विस्तृत हेर्नुस् त्यसमा पनि हामी मिलाइहाल्छौं। तपाईंले गेटबाट छिरेदेखि नै देखिहाल्नुभाको छ नि हाम्रो सेवा सत्कार यहाँको वातावरण। पैसा भनेको ठूलो कुरै होइन नि सबैभन्दा क्याम्पसको वातावरण हो नि। हो कि होइन भन्नुस् त ?' हरिहरले उनले दिएको शुल्कको कागज हेर्छन् वल्टाउँछन् पल्टाउँछन्। छोरीको मुखमा हेर्छन् अनि भन्छन्, 'फिस तिरेर...मुटु चिरेर।'

हरिहर कुर्सीबाट डङरंगै ढल्छन्।

# बाँकेमा बस्ती जोगाउन आपत्कालीन तटबन्ध



**नेपालगञ्ज (प्रस)–** नदी तटीय क्षेत्रका बस्ती जोगाउन बाँकेमा नयाँ प्रविधिको प्रयोग गरेर आपत्कालीन तटबन्ध निर्माण गरिएको छ । राप्ती नदीको बाढीबाट बस्ती जोगाउन 'बेम्बोपाइलिङ र आरसिसी प्रकुपाइन' प्रविधिबाट आपत्कालीन तटबन्ध निर्माण गरिएको हो । बेम्बोमा प्रकुपाइन जोडिएकाले ठूलो बढी आउँदा पनि त्यसले थेग्न सक्ने जनताको तटबन्ध कार्यक्रमका प्रमुख डा. नारायण सुवेदीले जानकारी दिए ।

राप्ती नदी किनारामा रहेको खल्ला झगडिया क्षेत्र राप्ती नदी कटानको उच्च जोखिममा रहेको छ । नदी कटानबाट त्यस क्षेत्रका करिब ३० हजार नागरिक बाढीको उच्च जोखिममा रहेका स्थानीयले बताएका छन् । 'अस्थायी तटबन्ध गरिएको छ,' राप्तीसोनारी गाउँपालिका-७ का वडाध्यक्ष रामलखन थारुले भने । उनले बाढीबाट बस्ती जोगाउन प्रभावकारी काम भएको उल्लेख गरे ।

राप्तीको बाढीका कारण जोखिममा रहेका राप्तीसोनारी, नरैनापुर र डुडुवा गाउँपालिकाका गाउँ जोगाउन जनताको तटबन्ध कार्यक्रम लमही दाङमार्फत तटबन्ध निर्माणको काम गरिएको हो । वर्षायाम सुरु भएसँगै राप्ती नदीले निम्त्याउने डुबान, कटान र सम्भावित जोखिम हुने स्थानको पहिचान गर्दै जनताको तटबन्ध कार्यक्रम आयोजनामार्फत सो कार्य गरिएको हो । नदी तटीय क्षेत्रका बासिन्दा बाढीको पीडाले रातभर सुत्न नसक्ने अवस्थामा रहेकाले तत्कालका लागि बस्ती र जनधन जोगाउन अस्थायीरूपले नदीको चार मिटर गहिराइबाट तटबन्ध बनाउने काम गरिरहेको डा. सुवेदीले बताए ।

राप्तीसोनारी-६ ढलैया, वडा नम्बर ७ को पिप्रहवा, खल्ला झगडिया, देवपुरवा, राप्ती नदी पूर्वको नरैनापुर-६ सोनवर्षा, गंगापुर डुडुवा गाउँपालिकाको पूर्वी भेगमा बाढीको जोखिम न्यूनीकरणका लागि आपत्कालीन तटबन्धको काम गरिएको हो । खल्ला झगडिया क्षेत्रमा आगामी वर्ष मंसिरसम्म सक्नेगरी छ करोड पाँच लाख रूपैयाँको लागतमा करिब ४५० मिटर लामो पक्की तटबन्ध गर्न लागिएको प्रमुख डा. सुवेदीले बताए ।

# म्याग्दीका छ वटा विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशाला



**म्याग्दी–** म्याग्दीका छवटा सामुदायिक विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना भएको छ ।

धवलागिरि गाउँपालिका-७ शिवाङको हेम नमूना आवासीय मावि, मंगला गाउँपालिका-२ बाबियाचौरको मंगला मावि, रघुगंगा गाउँपालिका-३ पिप्लेको रघुगंगा मावि र अन्नपूर्ण गाउँपालिका-६ घारको मुक्तिमार्ग माविमा २१/२१ वटा कम्प्युटरको व्यवस्थापन गरेर प्रयोगशाला स्थापना भएको हो ।

रघुगंगा गाउँपालिका-४ दग्नामको जनता माविमा ११ र वडा नं ६ ठाडाखानीको मालिका आधारभूत विद्यालयमा १० वटा कम्प्युटर जडान गरेर प्रयोगशाला स्थापना भएको छ । क्वालिटी एजुकेसन नेपाल, अस्ट्रेलिया र एजुटेक नेपाल, न्युजिल्याण्डको आर्थिक सहयोगमा समृद्ध ग्रामीण नेपालका लागि शैक्षिक उन्नयन (लर्न)ले संयोजन गरेर ४८ लाख रूपैयाँको लागतमा प्रयोगशाला स्थापना भएको हो ।

विद्यालयको पठनपाठनमा प्रयोग हुने विद्युतीय पाठ्यक्रम र पुस्तक राखिएको कम्प्युटरका साथै विद्युत् आपूर्तिको वैकल्पिक व्यवस्थाका लागि ब्याट्री र इनभर्टर पनि जडान गरिएको लर्न संस्थाका निर्देशक कृष्ण तिलिजाले जानकारी दिए । गत वर्ष धवलागिरि गाउँपालिका-४ मुदीको बुद्धिविकास मावि, रघुगंगा-३ मौवाफाँटको ज्ञानोदय र अन्नपूर्ण-४ को प्रभा माविमा 'सर्भर सिस्टम'बाट चल्ने २०/२० वटा कम्प्युटर जडान गरेर प्रयोगशाला स्थापना भएको थियो ।

निर्देशक तिलिजाका अनुसार आधुनिक कम्प्युटर ल्याबका रूपमा स्थापना गरिएको कम्प्युटर कक्षलाई 'डिजिटल' साक्षरताका रूपमा विकास गर्न उपयोग गरिने छ । प्रविधिको प्रयोग गरेर पठनपाठन गराई विद्यार्थीको पढाइप्रति रुचि र सिकाइ उपलब्धि वृद्धि गर्ने कम्प्युटर प्रयोगशाला स्थापना गर्नुको उद्देश्य रहेको छ ।

विद्यालयमा आधुनिक कम्प्युटर प्रयोगशाला स्थापना भएपछि विद्यार्थीलाई प्रयोगात्मक अभ्याससहित कम्प्युटर विषयको पठनपाठन गराउन सहज हुने मुक्ति मार्ग मावि घारका प्रअ रामकृष्ण खड्काले बताए । कम्प्युटर प्रयोगशाला स्थापनाका लागि फर्निचर, फर्निचर, पर्दा, कार्पेट, कक्षाकोठा व्यवस्थापनको काम भने विद्यालयहरूले नै गरेका हुन् । *रासस*

## दमक-चिसोपानी सडक

# ३३ वर्षमा पनि अधुरै

■ रामकुमार लिम्बू



**फिक्कल (इलाम)–** झापाको दमकदेखि इलामको माङसेबुङ गाउँपालिकाहुँदै पाँचथरको चिसोपानी पञ्चमी जोड्ने सडक (फाल्गुनन्द मार्ग) निर्माण सुरु भएको तीन दशक बित्यो । सडक निर्माणका लागि अबौं लगानी भइसक्यो । तर, सडक निर्माणले पूर्णता पाउन भने सकेको छैन ।

स्थानीयवासीले पटक-पटक माग र दबाब गरे पनि सडकको अवस्था अझै दयनीय छ । ३३ किलोमिटरको यो सडकको अहिले रतुवा नदीको तिरैतिर ट्र्याक खोलिएको छ । जहाँ हिउँदमा धुलो र वर्षामा हिलोले यातायात र जनजीवन दुवै अस्तव्यस्त बनाइरहेको छ । सडक कालोपत्र नहुँदा बर्खामा मुस्किलले दमकदेखि चिसोपानीसम्मको यात्रा गर्नुपर्ने बाध्यता छ ।

दमक-चिसापनी सडक झापा र इलामलाई जोड्ने महत्त्वपूर्ण पहुँच मार्ग हो । झापा, इलाम र पाँचथरका हजारौं नागरिकले दैनिक आवतजावत गर्ने र कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउने यो सडक निर्माण ढिलाइले स्थानीयवासी आक्रोशित छन् । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन क्षेत्र दमक (झापा) र पूर्वसंविधानसभा अध्यक्ष स्व. सुवासचन्द्र नेम्वाङको निर्वाचन क्षेत्र माङसेबुङ (इलाम) जोड्ने सडक निर्माणले पूर्णता नपाउँदा नेतृत्वको आलोचना हुँदै आएको छ ।

### ठेक्का लाग्यो, काम भएन

सो सडक निर्माणमा सरकारले लगानी नगरेको भने होइन । पटक-पटक गरी अबौं लगानी भइसकेको छ । तर, निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले काम नगरेकाले सडक निर्माणले पूर्णता पाउन नसकेको सडक डिभिजन दमकले जनाएको छ । ३३ किलोमिटर दूरी कालोपत्र गर्ने गरी ठेक्का लगाएको सात वर्ष बितिसक्यो । तर, काम भने आधा पनि भएको छैन । ट्र्याक चौडा र कालोपत्र गर्ने गरी सडक डिभिजन दमकले तीन खण्डमा ठेक्का लगाएको थियो ।

तीन वर्षमा काम पूरा गर्नेगरी लगाएको ठेक्काको म्याद पटक-पटक थप्दासमेत ठेकेदार कम्पनीले काम नगरेपछि सडक अलपत्र परेको छ । पहिलो खण्डअन्तर्गत दमकको जिरो प्वाइण्टदेखि सात किलोमिटर सडक कालोपत्र गर्ने ठेक्का महालक्ष्मी-किरातेश्वर जेभीले ३० महिनाभित्र सक्नेगरी २०७५ साल साउन २९ गते सम्झौता गरेको थियो । २२ करोड ५९ लाख ६४ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । रतुवा नदीको भित्ता काटेर ट्र्याक खोलिसकेको सडक कालोपत्र मात्र गर्ने सो निर्माण कम्पनीको जिम्मा थियो ।

तर, चारपटक म्याद थपिँदासमेत कालोपत्र सकिएको छैन । अन्तिम पटक थपिएको म्याद २०८० साल असार मसान्तसमा सकिएको थियो । अहिले ठेकेदार कम्पनीले दैनिक जरिवानामा काम गरिरहेको सडक डिभिजन दमकका डिभिजन प्रमुख श्यामकुमार यादवले बताए । 'अन्तिम पटक थपिएको म्याद दुई वर्षअघि नै सकिएको हो । अहिले दैनिक जरिवनामा काम गरिरहेको छ । पछिल्लोपटक कम्पनीले म्याद थपका लागि निवेदन दिएको छ, तर निर्णय गरिएको छैन,' डिभिजन प्रमुख यादवले भने, 'बीचबीचमा कालोपत्रको काम गरिरहेको छ । कामको प्रगति बढाउनुहोस् भनेका छौं । काम गर्ने सुनिश्चितता भए म्याद थप हुन्छ, नभए जरिवानामा नै काम गर्छ ।'

दोस्रो र तेस्रो खण्डमा भने गत वर्षदेखि नै काम ठप्प छ । करिब आधामात्र काम सकिएको सो खण्डमा सडक अस्तव्यस्त बनेको छ । दोस्रो खण्ड १५ किलोमिटर र तेस्रो खण्ड ११ किलोमिटर सडक चौडा गर्ने र कालोपत्र गर्ने ठेक्का लुम्बिनी-गणपति जेभीले पाएको थियो । दुवै खण्ड सडक कालोपत्र गर्ने गरी २०७६ फागुन २ गते ठेक्का लागेको थियो । दोस्रो खण्ड ५४ करोड ४४ लाख ८७ हजार रूपैयाँमा र तेस्रो खण्ड ५९ करोड १५ लाख ३५ हजार रूपैयाँमा ठेक्का लागेको थियो । दुवै खण्डको म्याद २०७९ फागुन २ गते नै सकिएको थियो । तर, म्याद थप गर्दा दोस्रो खण्डमा करिब ६२ प्रतिशत र तेस्रो खण्डमा २८ प्रतिशतमात्र सकिँदा काम रोकिएको हो ।

यी दुवै सडकखण्डको विषयमा अदालतमा मुद्दा परेपछि थप कुनै काम निरन्तर अगाडि सकेको छैन । डिभिजन प्रमुख यादवका अनुसार सडक निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनी लुम्बिनी-गणपति जेभीले काम नगरेपछि २०८० फागुनमा कार्यालयले ठेक्का सम्झौता रद्द गरेको थियो । कार्यालयले ठेक्का सम्झौता रद्द गरेपछि सरकारले बैंक 'ग्यारेण्टी' जफत गऱ्यो । सो निर्णयको विरुद्धमा विपक्षी लुम्बिनी-गणपति जेभीले उच्च अदालत पाटनमा रिट निवेदन दर्ता गरेको थियो । तर उच्च अदालतले रिट खारेज गरिदिएको डिभिजन कार्यालयले जनाएको छ ।

तर, त्यसअघि नै लुम्बिनी-गणपति जेभीले जिल्ला अदालत झापामासमेत अर्को मुद्दा दर्ता गरेको र अन्तिम किनारा नलागेकाले कुनै काम अघि बढ्न नसकेको डिभिजन प्रमुख यादवले बताए । 'जिल्ला अदालत झापामासमेत साविकको ठेक्का सम्झौता यथावत् कायम गरिपाउँ भनी मुद्दा हालेको छ,' उनले भने, 'त्यो न्यायिक प्रक्रियामा छ, न्यायिक प्रक्रिया नटुंगिएसम्म केही गर्न सकिँदैन ।'

सो सडक निर्माणको सुरुआत २०४९ मा डा. गोपाल कोइराला नेतृत्वको समितिले गरेको थियो । पछि विभिन्न समिति निर्माण गरी काम अगाडि बढाइएको थियो ।

### नागरिकलाई सास्ती

सडक निर्माणको काम अलपत्र बनेपछि स्थानीयले भने सास्ती खेप्नुपरेको छ । हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुँदा यात्रा गर्न निकै कष्टकर बनेको माङसेबङ गाउँपालिका-३ का सजन राईले बताए । 'बर्खाको समयमा हिँड्डुल गर्न समस्या छ,' उनले भने, 'हामी केटाकेटी हुँदा निर्माण सुरु भएको सडकले पूर्णता नपाउँदा मजस्ता हजारौंले सास्ती खेप्नु परिरहेको छ ।' बर्खा लाग्नसाथ वर्षौंदेखिको समस्या ब्युँतिने गरेको माङसेबुङ गाउँपालिका-२ की समीक्षा खड्काले बताइन् । 'वर्षौंदेखि बाटो बन्छ मात्र भन्छन्, नेताहरू चुनावमा यही बाटोलाई चुनावी अजेण्डा बनाउँछन् । तर बाटो अझै बनेन,' उनले भने, 'अहिले त झन् मुद्दा परेको भन्ने सुनिन्छ, यसले झनै हामीलाई निराश बनाएको छ ।'

### माङसेबुङ गाउँपालिकाले मर्मत गर्दै

नागरिकहरूलाई आवतजातवमा सहजताका लागि माङसेबुङ गाउँपालिकाले आफ्नै लगानीमा मर्मत सम्भारको काम गर्दै आएको छ । गत वर्ष १५ लाख रूपैयाँ विनियोजन गरेर सडक मर्मत सम्भार गरेको माङसेबुङले यो वर्ष भने व्यवसायीलाई जेसिभी उपलब्ध गराएर सहयोग गरेको गाउँपालिका अध्यक्ष हेमन्त राईले बताए ।

'हामीले गत वर्ष १५ लाख रूपैयाँ विनियोजन गरेर सडक मर्मत सम्भार गरी सहज बनाएका थियौं,' अध्यक्ष राईले भने, 'यो वर्ष पालिकाको तर्फबाट जेसिभी उपलब्ध गराएका छौं, व्यवसायीहरूले इन्धन जुटाएर सामान्य मर्मतको काम भएको छ ।' गाउँपालिकाको तर्फबाट छिटो काम अगाडि बढाउन सम्बन्धित निकायमा अनुरोध गरिएको उनले बताए । *रासस*


**कुवेतमा रोजगार** कम्पनी : RED CREAM CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327061 | चलानी नं.६०२४०९७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Preparer | 0 | 3 | 150 | ६७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper/steward | 0 | 3 | 150 | ६७,४९५ | | | | | | | |

कम्पनी : REEM ARTS LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327042 | चलानी नं.६०२४०९८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | beautician | 0 | 7 | 150 | ६७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREFOOT BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327043 | चलानी नं.६०२४०९८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER (FEMALE) | 0 | 4 | 150 | ६७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**कुवेत/ओमनमा रोजगार** कम्पनी : AL KARAM AL ARABI FOR CATERING SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327064 | चलानी नं.६०२४०९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 150 | 0 | 85 | ३८,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327073 | चलानी नं.६०२४०९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker (Grade Ii) | 30 | 0 | 120 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dump Truck Driver | 20 | 0 | 220 | ७८,६५० | | | | | | | |
| 3 | Foundation Diggers | 20 | 0 | 120 | ४२,९०० | | | | | | | |
| 4 | Heavy Duty Driver | 20 | 0 | 220 | ७८,६५० | | | | | | | |
| 5 | Mason General | 30 | 0 | 120 | ४२,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

**कतारमा रोजगार** कम्पनी : DOHA OASIS INVESTMENT LACIGAL MUSHERB

पूर्व स्वीकृति मिति : २०८१/०३/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 307324 | चलानी नं. ६०२२२०९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 0 | 1600 | ६०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**युएइमा रोजगार** कम्पनी : DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०३/२९ | LT. No. 326979 | चलानी नं. ६०२४०९४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer/Cleaner | 100 | 0 | 1000 | ३७,३३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Pvt. Ltd.
Bijay Chowk-9 Kathmandu , Nepal
Mobile No. Santosh (9813663119), Nanu (9700810329), Resham (9851408480)
Email: maxecenter@gmail.com /www.maxecenter.com

श्रम ईजाजत नं. १५३१/०७८/०७९

**कुवेतमा रोजगार** कम्पनी : GLOBAL GIFTS GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/30 | LT. No. 310735 | चलानी नं. ६०२२५२४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 3 | 150 | ६७,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

प्रभाव दैनिक

रूपशाला

## मिस कोशीको पहिलो अडिसनमा छानिए १२ जना

जय मिडिया मेनेजमेन्टको आयोजनामा हुन लागेको 'मिस कोशी २०२५ सिजन ९' को पहिलो अडिसन विराटनगरमा सम्पन्न भएको छ । अडिसनबाट १२ जना युवती छनोट भएका छन् । अडिसनमा जय मिडिया मेनेजमेन्टका अध्यक्ष तथा निर्माता, लेखक र निर्देशक जय राज राय, समाजसेवी काशीराम आचार्य, मिस कोशी २०२४ शुभलक्ष्मी राई, मिस कोशी २०२४ की थर्ड रनर अप कृति बस्नेत, मिस कोशी २०२४ की फस्ट रनरअप निशाहाङमा लिम्बु निर्णायक थिए ।




मंगलबार, ३१ असार, २०८२ (Tuesday, July 15, 2025)

# चलचित्र पर्यटनको गन्तव्य विकास गर्नेतर्फ ध्यान केन्द्रित गरौं: राष्ट्रपति




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले नेपाललाई चलचित्र पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार तथा सम्मान समारोहलाई सोमबार सम्बोधन गर्दै उनले हिमाल, पहाड र तराईको अनुपम भौगोलिक अवस्थितिले नेपाल आफैँमा एउटा प्राकृतिक चलचित्र स्टुडियोका रूपमा रहेकाले यसबाट चलचित्र सँगसँगै रोजगारी, पर्यटन र राष्ट्रिय अर्थतन्त्रको विकासमा समेत सकारात्मक योगदान पुग्ने विश्वास व्यक्त गरे ।

राष्ट्रपति पौडेलले चलचित्रका माध्यमबाट राष्ट्रिय लोककला, कथा, गीत, सङ्गीत, भाषा, साहित्य, संस्कृति, सांस्कृतिक पहिचान, राष्ट्रियता, मौलिकता, विविध जातजाति, भाषाभाषीका पहिचानजस्ता विषयलाई सशक्त रूपमा अभिव्यक्त गरिने बताए । उनले भने, 'पछिल्लो समयमा आदिवासी जनजातिलगायतका कला, भाषा, वेशभूषा, संस्कार र संस्कृतिका कथाले पाएको प्राथमिकताले चलचित्र उद्योगमा समावेशिता, पहिचान र विविधताको पक्षलाई सबल बनाउँदै लगेको छ ।'

राष्ट्रपति पौडेलले कलात्मक, सन्देशमूलक र समयसापेक्ष नेपाली मौलिकताको विशेषतासहितको चलचित्र बनाएर विश्वव्यापीकरण र सूचना प्रविधिको युगमा विश्वका दर्शकसामु पुऱ्याउने प्रयास गर्नुपर्नेमा जोड दिए ।

उनले गुणस्तरीय पक्षलाई जोड दिएर बजारीकरणका लागि नेपाली चलचित्रको अन्तर्राष्ट्रियकरणमा पनि ध्यान जान जरुरी रहेको बताए । उनले भने, 'नेपाली चलचिलत्रको विकास, विस्तार र समृद्धिको यात्रामा सरकार, नीति निर्माता, चलचित्रकर्मी र सरोकारवाला सबै हातेमालो गरेर अघि बढ्नु हाम्रो साझा दायित्व हो ।'

मानव समुदायलाई प्रभावित र प्रेरित गर्ने चलचित्रको महत्व आधुनिक युगमा पनि उत्तिकै रहेको बताउँदै उनले भने, 'कलात्मकरूपमा मानवीय जीवन र जगत्का विविध पक्षलाई अभिव्यक्त गर्ने शैली र माध्यमका रूपमा यसको महत्व र विशिष्टता सदैव रहँदै आएको छ ।'

राष्ट्रपति पौडेलले मौलिकता, सिर्जनात्मकता र स्वस्थ मनोरञ्जनसहित सूचना, शिक्षा र प्रेरणा प्रदान गर्नमा चलचित्रको महत्व रहने उल्लेख गर्दैए संख्यात्मकसँगै आधुनिक प्रविधिको प्रयोग गरी गुणात्मक, स्तरीय र प्रतिस्पर्धी चलचित्र निर्माणमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । उनले सीमित बजारबाट हुर्केको चलचित्रको बजार आजको अवस्थामा सम्म आउनुलाई खुशीको विषय भएको स्पष्ट पारे ।

उक्त अवसरमा राष्ट्रपति पौडेलले दीर्घसाधना सम्मानबाट लेखक तथा निर्देशक लक्ष्मीनाथ शर्मालाई सम्मान गरेका थिए भने विभिन्न ११ जनालाई विशेष योगदान सम्मान र ११ जनालाई राष्ट्रिय चलचित्र पुरस्कारबाट सम्मान गरिएको थियो ।

## अन्तर्राष्ट्रिय जलरङ महोत्सव असोजमा

**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय जलरङ समाज नेपाल (आइडब्लुएस नेपाल)ले अगामी असोजमा 'चौथो अन्तर्राष्ट्रिय जलरङ महोत्सव, २०८२' आयोजना गर्ने भएको छ ।


समाजका अध्यक्ष एनवी गुरुङले आगामी असोजको २१ देखि २५ गतेसम्म काठमाडौँका विभिन्न स्थानमा (काठमाडौँ, टोखा, तारकेश्वर र बूढानीलकण्ठ नगरपालिका) महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए । उनले यसपटक एसियन संस्करणका रूपमा महोत्सव आयोजना गरिने बताए । महोत्सवमा विभिन्न १६ देशका १०० भन्दा बढी कलाकारका कलाकृतिहरू प्रदर्शन गरिने उनको भनाइ छ ।

उनका अनुसार महोत्सवमा नेपालसहित भारत, चीन, बङ्गलादेश, सिङ्गापुर, मलेसिया, दक्षिण कोरिया, इण्डोनेशिया, फिलिपिन्स, मङ्गोलिया, जापान, पाकिस्तान, इरान, म्यानमार थाइल्याण्ड र श्रीलङ्काका कलाकारहरू सहभागी हुनेछन् । सन् २०१६ मा स्थापना भएको अन्तर्राष्ट्रिय जलरङ समाज नेपाल १२० भन्दा बढी देशमा फैलिएको अन्तर्राष्ट्रिय जलरङ समाजको शाखा हो ।

# 'सुम्निमा'मा कुन्साङ र उपासनाको जोडी

■ प्रभाव संवाददाता






**काठमाडौं–** चलचित्र 'बिर बिक्रम', 'लिली बिलि', 'ब्लाइण्ड रक्स', 'बबी' 'गोर्खा वारि यर', 'अञ्जिला' जस्ता फरक फरक जनराको चलचित्र निर्देशन गरेर आफुलाई अब्बल निर्देशकको रूपमा प्रमाणित गरि सकेका निर्देशक मिलन चाम्सको निर्देशनमा बन्ने लभ स्टोरी जनराको चलचित्र 'सुम्निमा' मा अभिनेता कुन्साङ बमजन अनुबन्ध भएका छन् ।

अभिनेता कुन्साङ बमजनले मिलन चाम्सको चलचित्रमा काम गर्न पाउनु आफ्नो लागी गर्वको कुरा हो र यो चलचित्रलाई आफ्नो डेब्यु चलचित्रको रूपमा आफुले दिलो ज्यानले मेहनत गरेर आफुलाई प्रमाणित गर्ने बताए । 'सुम्निमा' ले बमजनको करियरमा इट्टा थप्ने आशा गर्न सकिन्छ ।

गोर्खा फिल्मस् र चाम्स इन्टरटेन्मेन्टको संयुक्त लगानीमा निर्माण हुने चलचित्रको नाम सुन्दा नारीको कथा लाग्ने भए पनि चलचित्र विशुद्ध प्रेमकथामा बन्ने निर्देशक चाम्सले बताए । चलचित्रको मुख्य अभिनेत्रीमा उपासना सिंह ठकुरी अनुबन्ध भईसकेकी छन् । चलचित्रको अन्य कलाकार र प्राविधिक टिम छनोटको क्रममा रहेको निर्देशक चाम्सले बताए । निर्देशक चाम्सका अनुसार, यूनिसर्भल कथा र अन्तराष्ट्रिय बजारलाई ध्यान राख्दै यो चलचित्र तयार पारिनेछ । राजीव थापाको लेखनमा बन्न लागेको चलचित्रको आगामी अगस्टमा लण्डन र नेपालमा छायांकन हुने बताईएको छ । चाम्सद्वारा निर्देशित चलचित्र 'अञ्जिला'ले ब्लकबस्टर व्यापार गरेको छ । बायोपिक चलचित्रमा सबैभन्दा बढी व्यापार गर्ने रेकर्ड पनि 'अन्जिला' ले बनाएको छ ।

## रंगशाला

# पृतनापति ट्रफीमा ८४ पदकसहित श्री नं. १८ बाहिनी पहिलो




■ प्रभाव संवाददाता

**इटहरी (सुनसरी) –** पूर्वीपृतना मुख्यालय, इटहरीमा आयोजित 'पृतनापति ट्रफी, २०८२' कूल ८४ पदकसहित श्री नं १८ बाहिनी अड्डा पहिलो भएको छ । श्री नं १८ ले ३२ स्वर्ण, २२ रजत र ३० कास्य पदक प्राप्त गरी पहिलो भएको हो ।

भलिबल, फुटबल, बास्केटबल, तेक्वान्दो, बक्सिङ, पौडी, जुडो र एथ्लेटिक्स गरी आठ खेल सम्मिलित प्रतियोगितामा श्री नं. २१ बाहिनी अड्डा दोस्रो र श्री नं. २ बाहिनी अड्डा तेस्रो भएका छन् ।

सोमबार सम्पन्न प्रतियोगितामा पूर्वीपृतना हेडक्वाटरका पृतनापति उपरथी गौरवकुमार केसीले विजेता खेलाडीलाई ट्रफी तथा प्रमाणपत्र वितरण गरे । 'स्वास्थ्य, मित्रता एवं राष्ट्रका लागि खेलकुद' भन्ने नाराका साथ आयोजित प्रतियोगिताको उद्देश्य शारीरिक क्षमता अभिवृद्धि गर्दै अनुशासित तथा सक्षम सुरक्षाकर्मी उत्पादन गर्नु रहेको उपरथी केसीले बताए ।

कार्यक्रममा २, १८ र २१ नं. बाहिनी अड्डाका बाहिनीपति, गणपति, गुल्मपति तथा अन्य उच्च सैनिक अधिकृतसहित कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव पर्शुराम बस्नेत, सहायक रथी मणिकुमार श्रेष्ठ, महासेनानी मदनजङ्ग राणा, सहायक रथी गौरव गुरुङ लगायतको उपस्थिति रहेको थियो । प्रतियोगितामा खेलाडी, रेफ्री, अफिसियल र व्यवस्थापकसहित ४८६ जनाको सहभागिता रहेको पूर्वीपृतना मुख्यालयले जानकारी दिएको छ ।

# हिमालयन ब्लिट्ज चेस शनिबार

**काठमाडौं (प्रस)–** हिमालयन चेस एकेडेमीको आयोजनामा 'राजेन्द्र केसी स्मृति हिमालयन १०० एक्स टु ब्लिट्ज चेस प्रतियोगिता' आगामी शनिबार हुने भएको छ । जहाँ २०० खेलाडीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको ।

गत वर्ष अन्तर्राष्ट्रिय बुद्धिचाल महासङ्घ (फिडे) स्थापनाको शतवार्षिकीको अवसरमा हिमालयन १०० आयोजना गरिएको थियो, जहाँ १०० खेलाडी सहभागी थिए । उक्त प्रतियोगिता फिडेको विश्वव्यापी अभियानअन्तर्गत गिनिज वर्ल्ड रेकर्ड्समा दर्ता भएको थियो । त्यसैको दोस्रो संस्करण 'राजेन्द्र केसी स्मृति हिमालयन १०० एक्स टु' सञ्चालन गर्न लागिएको हो ।

हिमालयन चेस एकेडेमीकी अध्यक्ष मोनालिसा खम्बूका अनुसार एकदिने प्रतियोगितामा खुलासहित १७ स्पर्धामा रु ६७ हजार नगद पुरस्कार, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

उनले भने, 'पहिलो संस्करणमा १०० खेलाडीले प्रतिस्पर्धा गरेका थिए, यसपालि २०० खेलाडी खेल्दैछन् । यो सफ्याले नेपालमा सबभन्दा बढी खेलाडी सहभागी हुने ब्लिट्ज चेस प्रतियोगिताको रेकर्ड बनाउनेछ ।' नेपाल बिलियर्ड, स्नुकर तथा पुल सङ्घका केन्द्रीय सदस्यसमेत रहेका राजेन्द्र केसी भोटेबहाल युवा क्लबका पूर्वअध्यक्ष पनि थिए ।

त्रिपुरेश्वरस्थित बोगनभिल्लामा हुने खुलातर्फका विजेताले रु १० हजार, उपविजेताले रु सात हजार र तेस्रो हुनेले रु पाँच हजार पाउने छन् ।

**Halesi Tuwachung Municipality**
**Office of the Municipal Executive**
**Durchhim, Khotang**
**Koshi Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of publication: 15-07-2025 8:00**

1 .Halesi Tuwachung Municipality Office Durchhim, Khotang has allocated funds towards the cost of Construction of Halesi Tuwachung Municipality Building and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Halesi Tuwachung Municipality Building (Contract No: HTM/Works/NCB/2081/082-13). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.

2. Halesi Tuwachung Municipality Office Durchhim, Khotang invites electronic bids from eligible bidders for the construction of Construction of Halesi Tuwachung Municipality Building under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 62450000
Minimum Work experience of similar size and nature: single contract of NRs. 29486222

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Halesi Tuwachung Municipality Office Durchhim, Khotang, Koshi Pradesh, Nepal or may visit PPMO e-GP system www. bolpatra. gov.np/egp

4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Non-refundable fee of 5000.0 NRs. till 14-08-2025 12:00 during office hours.
Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank:** Machhapuchhre Bank Ltd.
**Name of the Office:** Halesi Tuwachung Municipality Office Durchhim, Khotang.
**Office Code no:** 801010802
**Office Account no:** Ha.Tu.Na.Pa Ga 1-1 Aantarik Rajsawa 0700065091700041
**Rajaswa (revenue) Shirshak no:** 0229

5. Electronic bids must be submitted to the office Halesi Tuwachung Municipality Office Durchhim, Khotang., Koshi Pradesh, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 14-08-2025 12:00. Bids received after this deadline will be rejected.

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-08-2025 13:00 hours at the office of Halesi Tuwachung Municipality Office Durchhim, Khotang.

Province One
Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 2483000 which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the cost of bid security in Bank:**
**Bank:Machhapuchhare Bank Ltd.**
**AC/No.0700065091700025**
**Branch: Corporate Office**

**Chief Administrative Officer**



रुसको मस्कोमा आयोजित एसयुपी (स्टयाण्ड अप प्याडलिङ) परेडमा सहभागीहरू । *तस्विरः सिन्हवा*

# गत महिना चीनको अमेरिकातर्फको निर्यात पूर्वानुमानभन्दा बढी

**बेइजिङ–** वासिङ्टन र बेइजिङले एकअर्कामाथिको कर घटाउने सम्भावित सम्झौतामा सहमति जनाएपछि चीनको निर्यात जुनमा अपेक्षा गरिएभन्दा बढेको चीनको सरकारी तथ्यांकले सोमबार देखाएको छ ।

चीनको सामान्य कर प्रशासनको तथ्यांकअनुसार निर्यात अघिल्लो वर्षको सोही महिनाको तुलनामा ५.८ प्रतिशतले बढेको छ । यो अर्थशास्त्रीहरूले ब्लुमबर्ग सर्वेक्षणमा गरेको पाँच प्रतिशतको पूर्वानुमानभन्दा बढी हो । यो अवधिमा अमेरिकातर्फको आयात १.१ प्रतिशतले बढेको छ जुन अघिल्लो वर्षको जुन महिनाको भन्दा ०.३ प्रतिशतले बढी हो र यो वर्ष देखिएको पहिलो वृद्धि हो । पछिल्लो समय सुस्त बनेको चिनियाँ अर्थतन्त्रको लागि सुधारको आधारबिन्दु मानिएको चीनको निर्यात सन् २०२४ देखिको सबैभन्दा उच्च बिन्दुमा पुगेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापक करवृद्धिका कारण संयुक्त राज्य अमेरिकासँगको व्यापार युद्धका कारण आर्थिक वृद्धिलाई निरन्तरता दिने बेइजिङको प्रयास प्रभावित भएको छ, यद्यपि गत महिना लण्डनमा भएको वार्तामा दुई देशबीचको विवादलाई कम गरिएको थियो ।

सोमबारको भन्सार तथ्यांकअनुसार जुन महिनामा संयुक्त राज्य अमेरिकामा चिनियाँ निर्यातमा ३२.४ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो महिना घटेको थियो । क्यापिटल इकोनोमिक्सका चिनियाँ अर्थशास्त्री जिचुन हुआङले भने, 'अमेरिका र चीनबीचको व्यापार युद्धविरामका कारण गत महिना निर्यात मूल्यमा केही सुधार आएको छ ।' हुवाङले भने, 'चीनबाट अमेरिकामा हुने आयात कर उच्च रहने सम्भावना छ । चिनियाँ निर्माताहरूले मूल्य घटाएर विश्वव्यापी बजार हिस्सा द्रुतरूपमा विस्तार गर्ने उनीहरूको क्षमतामा बढ्दो अवरोधहरूको सामना गरिरहेका छन् । त्यसैले आगामी त्रैमासिकमा निर्यात वृद्धिदर सुस्त हुने र यसले आर्थिक वृद्धिमा असर पार्ने अपेक्षा गरेका छौं ।'

'पिनप्वाइण्ट एसेट म्यानेजमेण्ट'का अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेई झाङले चिनियाँ कम्पनीहरूले अझै पनि संयुक्त राज्य अमेरिकामा निर्यातलाई 'फ्रण्टलोडिङ' गरिरहेको देखाएको बताए । निर्यातको बलियो आँकडाले 'कमजोर घरेलु मागलाई आंशिकरूपमा पूर्ति गर्न मद्दत गर्दछ र सम्भवतः दोस्रो त्रैमासिकमा जिडिपी वृद्धिलाई पाँच प्रतिशतको सरकारको लक्ष्यको वरिपरि राख्न सक्छ,' झाङले भने, 'संयुक्त राज्य अमेरिकामा निर्यातको गतिविधि कहिलेकाहीं फिक्का हुनेहुँदा वर्षको उत्तरार्द्धका लागि दृष्टिकोण अस्पष्ट छ ।' भन्सार अधिकारी वाङ लिङ्जुनले सोमबार आयोजित पत्रकार सम्मेलनमा भने, 'अमेरिकाले चीनसँग पनि यही दिशामा मिलेर काम गरिरहने छ भन्ने बेइजिङले आशा गरेको छ ।' 'करवृद्धिको युद्धविराम 'कठिन जित' थियो । धम्क्याएर वा जबर्जस्ती गरेर बाहिर निस्कने कुनै उपाय छैन । संवाद र सहकार्य नै सही बाटो हो,' वाङले भने । *रासस/एएफपी*

# अमेरिकाले युक्रेनलाई प्याट्रियट एयर डिफेन्स सिस्टम पठाउने



**जोइण्ट बेस एण्ड्रयुज (अमेरिका)–** युक्रेनमा मस्कोको युद्धलाई लिएर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनप्रति फेरि असन्तुष्टि व्यक्त गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार वासिङ्टनले किएभमा प्याट्रियट एयर डिफेन्स सिस्टम पठाउने र रुसमाथि नयाँ प्रतिबन्ध लगाउने संकेत गरेका छन् ।

अमेरिकी राष्ट्रपतिले युक्रेनका लागि धेरै आवश्यक हतियारहरूको घोषणा उनले पहिले सोमबार 'रूसमा... प्रमुख वक्तव्य' दिने बताएपछि आएको हो । अमेरिकी विशेष दूतले युक्रेनको आफ्नो पछिल्लो भ्रमण सुरु गर्दा र ट्रम्पले वासिङ्टनमा नाटो महासचिव मार्क रुटसँग भेट गर्ने क्रममा सोमबारका लागि तय गरिएको कूटनीतिक चहलपहल बीच यो घोषणा हुनसक्छ ।

युक्रेनमा मस्कोको आक्रमण तीन वर्षभन्दा बढी समयसम्म चलिरहेको छ । यस गर्मीमा आक्रमणहरू तीव्र हुँदै गएको छ र अमेरिकी नेतृत्वको वार्ताले अहिलेसम्म लडाइँ अन्त्य गर्न कुनै परिणाम देखाएको छैन । 'हामी तिनीहरूलाई प्याट्रियट पठाउने छौं, जसको तिनीहरूलाई अत्यन्त आवश्यक छ,' युक्रेनलाई कति हतियार पठाउने भन्ने निर्दिष्ट नगरी ट्रम्पले आइतबार भने ।

'मैले अझै संख्यामा सहमति गरेको छैन, तर तिनीहरूसँग केही हुने छ किनभने तिनीहरूलाई साँच्चै सुरक्षा चाहिन्छ,' उनले न्युजर्सीमा फिफा क्लब विश्वकप फाइनल हेरेर फर्कंदा जोइण्ट बेस एण्ड्रयुजमा पत्रकारहरूलाई भने । ह्वाइट हाउसले यस महिनाको सुरुमा किएभमा केही हतियार वितरण रोक्ने घोषणाबाट 'यु-टर्न' गरेको छ । यसको सट्टा अमेरिकाले नयाँ सम्झौताको घोषणा गरेको छ जसमा नाटोले युक्रेनमा पठाउने केही हतियारका लागि अमेरिकालाई भुक्तानी गर्ने छ ।

'हामी मूलतः तिनीहरूलाई धेरै परिस्कृत सैन्य सामग्रीका विभिन्न टुक्राहरू पठाउने छौं र तिनीहरूले हामीलाई सतप्रतिशत भुक्तानी गर्ने छन्,' ट्रम्पले भने, 'यो हाम्रो लागि व्यापार हुने छ ।'

रुटको बिहान १०:०० (१४:०० जिएमटी) ओभल अफिसको बैठक मिडियाका लागि बन्द हुने छ र उनले विदेशमन्त्री मार्को रुबियोसँग पनि भेट गर्ने कार्यक्रम छ । यस हप्ताको सुरुमा, राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युक्रेन 'नयाँ प्याट्रियट प्रणाली र तिनीहरूका लागि मिसाइलहरूमा बहुस्तरीय सम्झौता गर्न नजिक' रहेको बताएका थिए । रुसी नेतासँग बढ्दो रूपमा आक्रोशित हुँदै जाँदा पुटिनप्रति आफू 'निराश' भएको पनि ट्रम्पले दोहोर्‍याए ।

'पुटिनले साँच्चै धेरै मानिसलाई चकित पार्नुभयो । उहाँ राम्रो बोल्नुहुन्छ र त्यसपछि साँझमा सबैलाई बम हान्नुहुन्छ,' असन्तुष्ट ट्रम्पले आइतबार भने । गत हप्ता, ट्रम्पले पुटिनलाई युक्रेन सम्बन्धमा वासिङ्टनमा 'मूर्खतापूर्ण' कुरा गरेको आरोप लगाए । पहिलोपटक जनवरीमा ह्वाइट हाउस पर्केपछि ट्रम्पले युरोपेली सहयोगीहरूको विपरीत बढ्दो प्रतिबन्धहरू रोक्दै युद्ध अन्त्य गर्न रुसी नेतासँग काम गर्नसक्ने कुरामा जोड दिएका थिए । तर रुसले महिनौंदेखि संयुक्त राज्य अमेरिका र किएभले प्रस्ताव गरेको युद्धविरामलाई अस्वीकार गर्दै आएको छ ।

हालैका दिनहरूमा ट्रम्पले बारम्बार पुटिनप्रति असन्तुष्टि व्यक्त गरेका छन् र आइतबार उनले सदनमा निवारक प्याकेजका लागि गति बढ्दै जाँदा अन्ततः प्रतिबन्धहरू कडा गर्न तयार हुनसक्ने संकेत गरेका छन् । रुसविरुद्ध कुनै प्रतिबन्धको घोषणा गर्ने हो कि भनेर सोधिएको प्रश्नको जवाफमा ट्रम्पले भने, 'हामी भोलि के देख्छौं त्यो देख्ने छौं, ठीक छ ?' उनले रुटसँग भेट गर्ने योजनाहरू दोहोर्‍याए । यसअघि आइतबार अमेरिकी सिनेटरहरूले ट्रम्पलाई रुसविरुद्ध प्रयोग गर्न 'स्लेजहयामर' प्रतिबन्धहरू लगाउने द्विदलीय विधेयकमाथि जोड दिएका थिए । प्रतिबन्ध विधेयकले ट्रम्पलाई 'पुटिनको अर्थतन्त्र र पुटिनको युद्ध मेसिनलाई समर्थन गर्ने सबै देशलाई निशाना बनाउन अनुमति दिनेछ,' रिपब्लिकन सिनेटर लिण्डसे ग्राहमले प्रसारणकर्ता सिबिएस न्युजलाई बताए ।

'यसले राष्ट्रपति ट्रम्पलाई रुसलाई सहयोग गर्ने कुनै पनि देशमा ५०० प्रतिशत कर लगाउने क्षमता दिने छ,' ग्राहमले भने । यसमा चीन, भारत वा ब्राजिलजस्ता रुसी सामानहरू खरिद गर्ने अर्थतन्त्रहरू समावेश हुन सक्छन् । 'यो साँच्चै राष्ट्रपति ट्रम्पका लागि यो युद्ध अन्त्य गर्न उपलब्ध स्लेजहयामर हो,' ग्राहमले भने । 'निस्सन्देह, यो वास्तवमा शान्ति नजिक ल्याउन र कूटनीति खाली छैन भनेर सुनिश्चित गर्नसक्ने प्रकारको लाभ हो,' जेलेन्स्कीले एक्स पोस्टमा प्रस्तावित विधेयकका बारेमा भने । ग्राहम र डेमोक्रेटिक सिनेटर रिचर्ड ब्लुमेन्थलले पनि सोमबार राति नाटोका महासचिव रुटसँग भेट गर्ने कार्यक्रम थियो ।

ब्लुमेन्थलले सिबिएस न्युजलाई उनहरूले युक्रेनको पहुँचका लागि युरोप र संयुक्त राज्य अमेरिकामा फ्रिज भएको रुसी सम्पत्तिहरू खोल्ने कानुनीरूपमा कठिन मुद्दाबारे पनि छलफल गर्ने बताए । 'संयुक्त राज्य अमेरिकासँग भएको पाँच अर्ब डलर पनि पहुँच गर्न सकिन्छ र मलाई लाग्छ यो गर्ने समय आएको छ,' ब्लुमेन्थलले भने । *रासस/एएफपी*

# अमेरिकी करप्रति युरोपेली संघको जवाफी कदम अस्थायीरूपमा स्थगित





**ब्रसेल्स–** युरोपेली संघ (इयू) प्रमुख उर्सुला फोन डर लायनले आइतबार अमेरिकाले फलाम र एलुमिनियममा लगाएको शुल्कको जवाफमा युरोपेली संघले लगाउने कर अहिले केही समयका लागि रोकिएको बताएकी छन् ।

संघले अब वार्ता गर्न केही समय पर्खने योजना बनाएको छ । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार चेतावनी दिँदै भने, 'यदि अगस्ट १ भित्र कुनै व्यापार सम्झौता नभएमा, युरोपेली संघमा उत्पादन भएका सामानहरूमा ३० प्रतिशतसम्मको नयाँ भन्सार शुल्क लागू गरिने छ ।'

'अमेरिकाले वार्ता सफल नभएमा कडा कदम चाल्ने औपचारिक सूचना दिएको छ,' लायनले भनिन्, 'त्यसैले हामीले पनि अगस्टको सुरुदेखि लागू हुने भनिएको हाम्रो जवाफी कदमलाई केही समयका लागि स्थगित गरेका छौं ।'उनले थपिन्, 'हामी चाहन्छौं समस्या छलफलबाट समाधान होस् । तर यदि आवश्यक परेमा, हामी जवाफ दिन तयार छौं ।'

## सम्झौताको ढोका अझै खुला

लायनले जोड दिँदै भनिन्, 'युरोपेली संघ सधैं वार्ताबाट समाधान खोज्ने पक्षमा रहँदै आएको छ । अहिले पनि हामी यही बाटो रोज्छौं । अगस्ट १ सम्मको समय हामीले सम्झौताका लागि प्रयोग गर्नेछौं ।' युरोपेली संघको जवाफी कर लगाउने निर्णय यसअघि सोमबार रातिदेखि लागू हुने तय थियो । तर वार्ताको सम्भावना बाँकी रहेको भन्दै त्यो निर्णय केही समयलाई स्थगित गरिएको हो ।

## २१ अर्ब बराबरका अमेरिकी सामग्रीमा शुल्क लगाउने तयारी

संघले अमेरिकाद्वारा यस वर्षको सुरुमा फलाम र एलुमिनियममा लगाइएको भन्सार शुल्कको जवाफमा २१ अर्ब युरोबराबरका वस्तुहरूमा कर लगाउने योजना बनाएको थियो । तर सम्झौताको सम्भावनालाई खुला राख्दै, संघले मार्च महिनामा नै त्यो कदम रोकेको थियो । 'हामी सुरुदेखि नै तयार थियौं । अहिले पनि यदि आवश्यक पर्‍यो भने तुरुन्तै जवाफी कदम चाल्न सक्ने स्थिति छ,' लायनले भनिन् । *रासस/एएफपी*


युएइ/मलेसियामा रोजगार

कम्पनी : ZAMZAM ALASEEL PROJECT MANAGEMENT SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327056 | चलानी नं.६०२४०९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 900 | ३३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SUN FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/03/30 | LT. No. 327044 | चलानी नं.६०२४०९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1700 | ५४,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD

Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227, Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np

Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com

श्रम ईजाजत नं. ८८३/०६७/०६८


# 'आणविक वार्ताको कुनै निश्चित मिति तोकिएको छैन'

**तेहरान–** इरानले तेहरानको आणविक कार्यक्रमबारे संयुक्त राज्य अमेरिकासँगको वार्ताका लागि कुनै निश्चित मिति नभएको बताएको छ । इरानी विदेशमन्त्री अब्बास अराघची र अमेरिकी राजदूत स्टिभ विटकोफबीच हुने भेटवार्ताको योजनाबारे विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले भने, 'यस विषयमा कुनै निश्चित मिति, समय र स्थान निर्धारण गरिएको छैन ।'

गत महिना इजरायलले अमेरिकाको आणविक केन्द्रहरूमा आक्रमण सुरु गर्नुअघि इरानले अमेरिकासँग वार्ता गरिरहेको थियो । अराघची र विट्कोफ नेतृत्वको प्रतिनिधिमण्डलले अप्रिलसम्ममा पाँचौं चरणको वार्तापछि थप वार्ताको तय हुने अपेक्षाबीच कुनै सम्झौताविना नै इजरायलले १३ जुनमा आश्चर्यजनक आक्रमण सुरु गर्‍यो जुन १२ दिनपछि रोकिएको थियो ।

'हामी कूटनीति र वार्ता प्रक्रियामा गम्भीर छौं, हामी सद्भावका साथ प्रवेश गरेका छौं तर सबैले देखेअनुसार, छैटौं चरणभन्दा पहिले संयुक्त राज्य अमेरिकासँग समन्वय गरेर यहुदी शासनले इरानविरुद्ध सैन्य आक्रमण गरेको थियो,' बाकाईले भने ।

संयुक्त राज्य अमेरिकाले गत जुन २२ मा तेहरानको दक्षिणमा कोम प्रान्तको फोर्डोस्थित युरेनियम संवर्द्धन केन्द्र र इस्फाहान र नातान्जमा रहेको आणविक स्थलमा आक्रमण गरेको थियो । आक्रमणबाट कति क्षति भयो भन्ने स्वतन्त्र पुष्टि हुन सकेको छैन । सयौंको संख्यामा सैन्य, आणविक र अन्य स्थलहरूमा आक्रमण गरी इजरायलले आफ्नै आक्रमणबाट इरानी आणविक वैज्ञानिक र उच्च पदस्थ सैन्य अधिकारीसहित सर्वसाधारणको मृत्यु भएको थियो ।

इरानले इजरायलमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको थियो भने वासिङ्टनको आक्रमणको बदलामा कतारस्थित अमेरिकी बेसमा आक्रमण गरेको थियो । इजरायल र पश्चिमा राष्ट्रहरूले इरानमाथि आणविक हतियारको पछि लागेको आरोप लगाउँदै आएका छन् ।

संयुक्त राष्ट्रसंघको आणविक ऊर्जा निगरानी निकायले युरेनियमलाई ६० प्रतिशत शुद्धतासम्म संवर्द्धित गर्ने एकमात्र गैरआणविक शक्ति राष्ट्र भए पनि इरानले आफ्नो भण्डारलाई हतियार बनाउन काम गरिरहेको कुनै संकेत आफूसँग नभएको बताएको छ । *रासस/एएफपी*


प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

पूर्वाधार विकास कार्यालय

ओखलढुंगा, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/03/३१

यस कार्यालयको मिति २०८२/०२/२३ गते बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार निर्माण कार्य गर्नको निम्ति पेश भएका बोलपत्रदाताहरूको मूल्याङकन गर्न गठित मूल्याङकन समितिको सिफारिस अनुसार देहाय बोलपत्रदाताले पेश गरेको बोलपत्र कम मूल्याङकित सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सो बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) को प्रयोजनका लागि प्रकाशित मितिदेखि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S. N. | Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDO-OKHAL-NCB-SSTB-36-2081/082 | Supply, Fabrication, Erection, Transportation and Construction of Nala Short Span Trail Bridge(SSTB), Khumbu Pasanglhamu Rural Municipality-04, Solukhumbu Through Construction Turnkey Package(CTP) | P.S Construction Sewa, Khalanga-01, Jajarkot, Nepal | NRs. 1,09,61,000.00 |

Office Chief

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३३०० | प्रति तोला – ० | प्रति तोला – २३१५ |



**पर्यटकीय रिडीबजार** | धार्मिक तथा पर्यटकीय हिसाबले महत्त्वपूर्ण गुल्मीको रुरु क्षेत्रको रिडी बजार । यो बजार मदन भण्डारी राजमार्ग र कालिगण्डकी करिडोरको बीचमा पर्ने हुनाले पनि यातायातको सहज पहुँच छ । *तस्बिर: हुमाकान्त पोखरेल/रासस*

## पर्यटकको रोजाइमा घान्द्रुक

**पोखरा–** जब प्रकृति, संस्कृति र आतिथ्यता एकै ठाउँमा भेटिन्छन्, त्यहाँ पुग्ने पर्यटकले पनि अलौकिक आनन्दको अनुभूति गर्छन् । कास्कीको अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक पनि यस्तै प्रकृति, संस्कृति र आतिथ्यताको संगम हो भन्दा फरक पर्दैन । यहाँको मौलिक संस्कृति र यहाँबाट देखिने हिमश्रृफ्लाका सुन्दर दृश्यले पर्यटकलाई लोभ्याइरहेको छ ।

पर्यटन राजधानी पोखराबाट करिब ६० किलोमिटरको दुरी र अन्नपूर्ण हिमालको काखमा लुट्पुटिएको घान्द्रुक पर्यटकीय गाउँ मात्रै होइन, गुरुङ जातिको जीवन्त संग्रहालय पनि हो । जहाँ ढुङ्गाले छाएका घरहरू, सफा र चिटिक्क परेका गल्लीहरू, हँसिला अनुहार र मुस्कुराइरहेका हिमालले घान्द्रुकलाई जीवन्त बनाएका छन् । काठमाडौंबाट घुम्न आएका शिक्षक छवि थापाले आँखै अगाडिको सुन्दर हिमाल र गुरुङ समुदायको आतिथ्यताबाट आफू निकै प्रभावित भएको बताए । 'बर्खायाम घुम्नका लागि उपयुक्त होइन भन्दाभन्दै पनि हामी घान्द्रुक आइपुगेका थियौं, यहाँ आइसकेपछिको आनन्द बेग्लै पायौं, बादलको घुम्टोभित्र लुकेको हिमालसँगै स्थानीयको आत्मियताले हामीलाई लोभ्यायो', उनले भने ।

पतिसँगै घुम्न आएकी बेसींसहरकी अनुजा न्यौपानेले यहाँको शान्त वातावरण र सुन्दर हिमालका दृश्यले यहाँ आइपुग्दाको थकान मेटाइदिएको अनुभव सुनाइन् । 'घान्द्रुकका बारेमा जति सुनिएको थियो, त्योभन्दा धेरै पाएँ, यहाँको सुन्दरता र आतिथ्यता सधैंभरी सम्झनामा रहनेछ', उनले भनिन् ।

पर्यटन प्रवर्द्धनको कार्यक्रम लिएर घान्द्रुक आएका गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकीका पूर्वअध्यक्ष नवराज अधिकारीले घान्द्रुक गुरुङ समुदायको जीवन्त संस्कृति र परम्परा धानेको गाउँ भएको बताए । 'घान्द्रुक गुरुङ संस्कृतिको एउटा धरोहर हो, यहाँका घरहरूको वास्तुकला अद्वितीय छ, ढुङ्गाले बनेका र स्लेटले छाएका परम्परागत घरहरूले गाउँलाई मौलिक रूप दिएका छन्, सफा र चिटिक्क परेका ढुङ्गे गल्लीहरूमा हिँड्दा बेग्लै आभास हुन्छ ।'

यहाँका अधिकांश घरबास (होमस्टे) महिलाले सञ्चालन गरेका छन् । यसले महिलालाई आर्थिक सशक्तीकरणमा पनि टेवा पुऱ्याएको पूर्वअध्यक्ष अधिकारीको भनाइ छ ।

घान्द्रुकमा आशीष होमस्टे सञ्चालन गर्दै आएकी हरिमाया गुरुङले घान्द्रुक आउने पर्यटकका कारण आफूहरू आर्थिक रूपमा आत्मनिर्भर भएको बताउँछिन् । 'घान्द्रुक हाम्रो जीवन र पहिचान हो, पाहुनालाई पारिवारिक वातावरणमा सेवा दिइरहेका छौं, त्यसैले उहाँहरू फर्किफर्कि आउनुहुन्छ', उनले भनिन्, 'चुल्हीचौकोबाट सुरु भएको मेरो यात्रा आज पर्यटन र आत्मनिर्भरताको कथा बनेको छ । हिमाल हेरेर हुर्किएका हामी महिलाहरू, आज आफ्नै खुट्टामा उभिएर संसारलाई स्वागत गरिरहेका छौं ।'

पछिल्लो समय यहाँका स्थानीयका लागि पर्यटन आयआर्जनको मुख्य स्रोत हो । होटल सञ्चालक विभिमाया गुरुङले भनिन्, 'होमस्टेमा आउने पाहुनाहरू यहाँको रहनसहन संस्कृति र प्राकृतिक सुन्दरतामा रमाउने गर्छन्, हामीले पनि सकेसम्म राम्रो आतिथ्यता प्रदान गर्दछौं, पाहुनाहरूले विशेष गरी यहाँको सुन्दरता र परिकारमा बढी रमाउनुहुन्छ ।'

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु केसीले घान्द्रुक पर्यटकीय गाउँ भएकाले यसको विकासका लागि पर्यटन केन्द्रित कार्यक्रममा जोड दिएको बताए । घान्द्रुक देश विदेशका पर्यटकको घुम्न आउने गन्तव्यको रूपमा विकास भएको उनको भनाइ छ ।

अध्यक्ष केसीले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा पर्यटन विकासका लागि रु २० लाख बजेट विनियोजन गरेको जानकारी दिए । उनका अनुसार यहाँ सञ्चालित अधिकांश होटल र घरबास (होमस्टे) हरूले पर्यटकलाई व्यावसायिक सेवा मात्र नभई पारिवारिक वातावरण प्रदान गर्छन् । यहाँ आउने पर्यटकले विशेष गरी कोदोको ढिँडो, गुन्द्रुकको अचार, सिस्नुको तरकारी र लोकल कुखुराको मासु मन पराउने गरेको उनको भनाइ छ । *रासस*

## 'पोखरामा उडान विस्तार गर्ने प्रयास जारी छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा अन्तर्राष्ट्रिय विमाननस्थललाई दिगो सञ्चालन गर्न विभिन्न अन्तर्राष्ट्रिय एयरलाइन्स कम्पनीसँग निरन्तर छलफल भइरहेको बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नको जवाफ दिँदै उनले विमानस्थललाई दिगो रूपमा सञ्चालनका लागि कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा ल्याइएको बताए ।

मन्त्री पाण्डेले पोखरा विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडानका सन्दर्भमा विभिन्न किसिमका सहुलियत प्रदान गरिएको र जसकारण उडान संख्या वृद्धि हुने सम्भावना रहेको बताए । हाल हिमालयन एयरलायन्समार्फत पोखरा-ल्हासा नियमित उडान भइरहेको र अन्य एयरलायन्ससँग समेत छलफल तथा समन्वय गरी उडान विस्तार गर्ने प्रयास जारिरहेको उनले उल्लेख गरे ।

मन्त्री पाण्डेले नेपाल वायुसेवा निगमको संरचनागत तथा संस्थागत सुधारका कामलाई विशेष प्राथमिकता दिइएको बताए । उनले भने, 'वायुसेवा निगमको संरचनागत तथा संस्थागत सुधार गरी निगमको बजार हिस्सा वृद्धि गर्न विद्यमान संरचनामा व्यवस्थापकीय सुधार गर्ने वा रणनीतिक साझेदार भित्र्याएर संचालन गर्ने वा निगमलाई कम्पनीमा रूपान्तरण गर्ने विकल्पसहित सुझावहरू प्राप्त भएका छन् । उपलब्ध विकल्पबारे विस्तृत अध्ययन र छलफल गरी निगमको आवश्यक सुधार गर्ने विषय मन्त्रालयको उच्च प्राथमिकतामा छ ।'

मन्त्री पाण्डेले हिमाल आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन मन्त्रालयले प्राथमिकताका साथ काम गरिरहेको सदनलाई जानकारी गराए । सरकारले हालसम्म ४७२ वटा हिमाल आरोहणका लागि खुला गरेको तथा ती हिमालको प्रचारप्रसार र प्रवर्द्धनका काम धमाधम भइरहेको उनको भनाइ थियो । मन्त्री पाण्डेले पर्यटन विभागले आठ हजार मिटर अग्ला हिमालबारे आधारभूत जानकारीसहितको पुस्तिका प्रकाशन गरी प्रचार गरिरहेको जानकारी दिए । बैठकमा सांसदहरू सूर्यप्रसाद ढकाल, प्रेम सुवाल र माधव सापकोटाले पर्यटन मन्त्रालयसँग सम्बन्धित विभिन्न प्रश्न गरेका थिए ।

## 'आर्थिक सूचकांक सकारात्मक'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो नेतृत्वमा सरकार सञ्चालनको एक वर्षमा मुलुकको आर्थिक सूचकांकहरू सकारात्मक देखिएको बताएका छन् । सोमबार सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वमा रहेको बनेको सरकारले एक वर्ष पुग्न लाग्दा मुलुकको आर्थिक सूचकांकहरू सकारात्मक देखिएको र विकासका राष्ट्रिय आयोजनाहरूको कामले गति लिएको बताएका छन् ।

'हामी सरकारमा आएको एक वर्ष पुग्दैछ । यस बीचमा मुलुकको आर्थिक सूचकाङ्कहरू सकारात्मक देखिएका छन् भने विकासका राष्ट्रिय आयोजनाको कामले गति लिएको छ,' प्रधानमन्त्री ओलीले लेखेका छन् ।

## नेप्से परिसूचक ३५ अंकले घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक ३५ दशमलव ०९ अंकले घटेर दुई हजार ७२५ दशमलव ७१ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव २७ प्रतिशतको गिरावट हो ।

३२१ कम्पनीको दुई करोड ११ लाख दुई हजार ५४० कित्ता शेयर ७२ हजार ६०१ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब १७ करोड २१ लाख ४३ हजार ३२६ बराबरको कारोबार भएको छ ।

कारोबारमा जलविद्युत् समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैङ्किङ समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैङ्क एक दशमलव ४८, वित्त एक दशमलव १३, होटल तथा पर्यटन शून्य दशमलव २५, लगानी एक दशमलव २५, जीवन बीमा एक दशमलव ३६ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ७८ प्रतिशतले घटेको छ ।

त्यस्तै, लघुवित्त एक दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव १७, निर्जीवन बीमा एक दशमलव ०५, व्यापार शून्य दशमलव ६४ र अन्य समूह एक दशमलव २४ प्रतिशतले घटेको छ ।

माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव ९० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ४६ प्रतिशतले घटेको छ ।

बक्यौता चुक्ता गर्ने बारे
**अत्यन्त जरुरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही **असार मसान्त**सम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

**कर्पोरेट**

### युनाइटेड अजोड इन्स्योरेन्सको साधारणसभा




**काठमाडौं (प्रस)–** युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको ३१ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । राजधानीमा सोमबार सम्पन्न साधारणसभामा संचालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८०/८१ को युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको लेखापरीक्षण प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरू सभावाट पारित गरियो । साथै सञ्चालक समितिबाट पेश गरिएका सबै सामान्य र विशेष प्रस्तावहरू सर्वसम्मतिबाट पारित गरियो ।

हाल यस कम्पनीले प्रधान कार्यालय लगायत ६ वटा प्रादेशिक कार्यालय, ३९ वटा शाखा, ४३ वटा उपशाखा कार्यालयहरू, १५ वटा बीमा काउण्टरहरू र ६ वटा तेश्रो पक्ष बीमा काउण्टरहरूबाट र ३६५ बीमा सेवा प्रदान गर्दै आएको पनि जनाइएको छ ।

### मञ्जुश्री फाइनान्सद्वारा छात्रवृत्ति प्रदान




**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत अनन्त सेवा आश्रम मार्फत मूनलाइट सेकेण्डरी स्कूललाई एक लाख ८६ हजार रुपैयाँ बराबरको रकम छात्रवृत्ति प्रदान गरेको छ। मञ्जुश्री फाइनान्सको तर्फबाट फाइनान्सका चिफ बिजनेस अफिसर गणेश खत्रीले अनन्त सेवा आश्रमका प्रमुख कार्यकारी अधिकृत उदय राजभाट तथा मूनलाईट स्कूलको प्रध्यानाध्यापक इश्वोर गुरुङलाई सयुक्त रूपमा चेक हस्तान्तरण गरेका हुन् । फाइनान्सले सोहि विध्यालयमा अध्यनरत दुइ छात्रालाई छात्रवृत्ति प्रदान गरेको छ ।

सामाजिक सेवामा अग्रसर मञ्जुश्रीले २७ ओटा शाखाका साथै एउटा बिस्तारित काउन्टरबाट आफ्नो ग्राहकहरूलाई उत्कृष्ट बैंकिंग सेवा उपलब्ध गराईरहेको छ। मञ्जुश्री फाइनान्सले हालसम्म १ लाख ५० हजार भन्दा बढी ग्राहकहरूलाई सेवा दिँदै आएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ